# शारदा नगरपालिका

# शिक्षा क्षेत्र योजना २०७९-०८३

## Education Sector Plan 2022-2026





शारदा नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा, खलंगा सल्यान
पौष, २०७८

# शारदा नगरपालिका

# शिक्षा क्षेत्रको योजना २०७९-०८३

# Education Sector Plan, 2022-2026

शारदा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा (सल्यान)

# मेरो भनाइ

शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको मेरुदण्ड हो । व्यक्तिको सर्वाङ्गीण विकास विना न समाज बन्छ न राष्ट्रले सर्वोपरी र सर्वाङ्गीण प्रतिफल प्राप्त गर्न सक्छ। तसर्थ समाज विकासको रणनीति सफल पार्न शिक्षा पहिलो शर्त हो, भन्ने कुरामा म पूर्ण रुपमा विश्वस्त छु ।

नेपालको संविधानले शिक्षालाई व्यक्तिको मौलिक हकको रुपमा व्यवस्था गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ मा वि.सं. २०८५ सम्म सबै नागरिकहरुलाई आधारभूत तहसम्म शिक्षाको पहुँच पुर्या उने रणनीति स्पष्ट गरिएको छ । राज्यले शिक्षाको विकासको सन्दर्भमा कोरेका स्पष्ट खाकाहरुलाई पछ्याउँदै हामीले स्थानीय तहको शिक्षा सम्बन्धि नीति र यसलाई अभ्यास गरेरै कार्यान्वयन गरिरहेको कुरा स्पष्ट पार्न चाहान्छु ।

नेपाल गरिबीको रेखामुनि रहनुको मूल कारण अशिक्षा हो भन्ने कुरामा हामी स्पष्ट छौँ। सन् २०३० सम्म नेपाललाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने दिगो विकासको लक्ष्य हासिल गर्ने राज्यको प्रतिबद्धतामा स्थानीय तहको प्रमुखको नाताले मेरो गहन दायित्व छ भन्ने कुरामा म सहमत छु। राज्यले अपेक्षा गरेको प्रतिफललाईकार्यान्वयन गरेरै प्राप्त गर्न हामीले शारदा नगरपालिका भित्रका सबै विद्यालयहरुमा सुधारात्मक कार्यनीतिहरु अवलम्वन गरिरहेका छौँ। भौतिक पूर्वाधारहरुको निर्माण, शैक्षिक जनशक्तिलाई दक्ष बनाउने तालिम गोष्टिहरुको आयोजना, विद्यार्थीहरुको विद्यालय पहुँचलाई प्रोत्साहन गर्न खाजाको व्यवस्था,शैक्षिक सामाग्रीहरुको वितरण लगायत विद्यार्थीमैत्री वातावरणका लागि पूर्वाधारहरुको विकास हाम्रो पहिलो प्राथमिकता रहेको छ । त्यस्तै स्थानीय परिवेशबाट बालबालिकाहरुलाई दिक्षित गर्न स्थानीय पाठ्यक्रमको निर्माण गरि लागु गरिएको छ ।

पञ्चवर्षिय योजना (२०७९-२०८३) का माध्यमबाट राज्यले निर्देशित गरेको शिक्षा सम्बन्धि रणनीति प्राप्त गर्न शारदा नगरपालिका सक्षम र सफल हुनेछ भन्ने कुरामा म विस्वस्त छु। शिक्षा योजना तयार पार्ने शारदा नगरपालिका शिक्षा शाखा, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य सरोकारवाला संघ संस्था र व्यक्तित्वहरुलाई धन्यवाद दिन चाहान्छु ।

**सुरेश अधिकारी**
**नगरप्रमुख**
**शारदा नगरपालिका,सल्यान**

# मेरो भनाइ

जन्म देखी मृत्यु पर्यन्त आवश्यक पर्ने र त्यस अवधिमा प्रभाव पार्ने सम्पूर्ण ग्राह्य ज्ञान नै शिक्षा हो । असल खराब छुट्याउन  सक्ने विवेक प्रदान गर्ने, सहि निर्णय लिन सक्षम बनाउने, व्यक्तीको व्यवहारलाई सभ्य अनुकरणीय र आदर्श बनाउने, मानवता नैतिकता र प्रतिभाको प्रस्फुटन गराउने आदि महत्वपूर्ण कार्य शिक्षाले गर्दछ । शिक्षाले व्यक्तीलाई विविध पक्षमा आदर्श बनाउद छ ।

शारदा नगरपालिकाले पनि शिक्षालाई उच्च प्रथामिकतामा राखेको छ। शिक्षा क्षेत्रको गुणस्तरीय विकास र उन्नती कसरी गर्ने  भन्ने सवालमा शिक्षा क्षेत्रमा विभिन्न नीति तथा योजनाहरु अगाडि सारेको छ । त्यसैको उपजको रुपमा पञ्च वर्षिय शैक्षिक योजनालाई पनि लिन सकिन्छ । शिक्षा क्षेत्रको लगानीलाई परिमाणमुखी बनाउनको लागि योजनाबद्ध ढङ्गले अगाडी बढ्नकोलागि पञ्च वर्षिय शैक्षिक योजना निर्माण गरिएको छ । २०८३ सम्म पालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी,सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने लक्ष्यका साथ अगाडि बढाइएको छ। शारदा नगरपालिकाको शैक्षिक अवस्थाको वास्तविक अवस्थालाई शैक्षिक  पार्श्वचित्र मार्फत देखाई सोको आधारमा शिक्षा योजना निर्माण गरिएको छ । शिक्षा क्षेत्र योजना २०७८-०८७ को ड्राफ्टको आधारमा यस पालिकाको पञ्च वर्षिय शैक्षिक योजना निर्माण गरिएको छ ।

यस योजना निर्माण कार्यलाई सकेसम्म त्रुटी रहित, शारदा नगरपालिका परिवेश सुहाउदो बनाउन खोजिएको छ। कुनै त्रुटि भएमा सकारात्मक सुझावको अपेक्षा समेत गर्दछु। यस पालिकाद्वरा निर्माण  गर्न लागिएको शैक्षिक योजनामा विशेष सल्लाह सुझाबको लागि नगरपालिकाका नगर प्रमुख, उप-प्रमुख, कार्यपालिका सदस्यहरु, नि. प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समितिका पदाधिकारीहरु, सबै विद्यालयका प्रधानाध्यापकहरू, अभिभावकहरु,  सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारीहरु, नगरपालिकाको विभिन्न शाखा,फाँट र इकाइमा कार्यरत सबै क्षेत्रका सम्पूर्ण कर्मचारी तथा सरोकारवाला सबैमा विशेष आभार प्रकट गर्दछु।

त्यसैगरी यस योजना निर्माणको लागि प्राविधिक सहयोग गरिदिनु भएकोमा  EGRP II का सल्यान जिल्ला संयोजक पुरुषोतम गिरी, क्षेत्रीय कार्यालय नेपालगञ्जमा कार्यरत उपेन्द्र भण्डारीलाई स-धन्यवाद ! यस योजना निर्माण कार्यदलका सदस्य गोमा पोख्रेल, शिवलाल थापा, पुष्पराज शर्मा, शिव प्रसाद गौतमलाई विशेष धन्यवाद ! साथै जिल्ला स्थित शैक्षिक योजना निर्माण प्राविधिक कार्यदलका संयोजक लाल बहादुर घर्ती (शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख ), केशर बहादुर वली, गणेश आचार्य, शेर प्रसाद ढकाल, दामोदर शर्मा लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु। धन्यवाद !

**संगीता बुढा**
**शिक्षा योजान निर्माण कार्यदल-संयोजक**
**(शिक्षा युवा तथा खेलकुद शाखा)**

# सारांश

कर्णाली प्रदेशको सल्यान जिल्ला अवस्थित शारदा नगरपालिकाको शैक्षिक क्षेत्रको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत पञ्चवर्षीय आवधिक शिक्षा योजनामा मुलुकमा भएको राजनीतिक परिवर्तन पछि नेपालको संविधानमा उल्लेखित अनिवार्य र निःशुल्क शिक्षाको मर्मलाई यस योजनामा समेट्ने प्रयास गरिएको छ। योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानुनहरू, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, केन्द्रीय स्तरमा भएका आयोगका प्रतिवेदन समेतलाई आधार लिइएको छ। यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अलगअलग सवालमा पाँच वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरिएको छ।

सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पूरा गर्नका लागि आर्थिक वर्ष २०६६/०६७ देखि सुरु भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) विद्यालय शिक्षाको समग्र दस्तावेजको रूपमा अगाडि ल्याइएको थियो। सो कार्यक्रमको समाप्ति र प्रभावकारीतासँगै आर्थिक वर्ष २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण भई कार्यान्वयनको अन्तिम चरणमा छ। यस पश्चात् शिक्षा क्षेत्र योजना (ESP) कार्यान्वयनका लागि यसको मस्यौदा समेत तयार भइसकेको छ। परिवर्तित सन्दर्भमा देशमा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार गठन भएसँगै शिक्षा क्षेत्रमा पनि राष्ट्रिय लक्ष्य तथा उद्देश्यलाई समेट्दै प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रको शैक्षिक उन्नति र विकासको लागि शैक्षिक योजना निर्माण र कार्यान्वयनको अभ्यास हुँदै आएको छ,भने नेपाल सरकारले विद्यालय शिक्षाका सबै कार्यक्रमहरू विद्यालय क्षेत्र विकास योजनामार्फत सशर्त अनुदानका रूपमा स्थानीय तहमा हन्तान्तरण हुँदै आएका छन्। शिक्षक र कर्मचारीको तलब भत्तादेखि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शीर्षकमा अनुदान नियमित रूपमा विद्यालयहरूलाई प्रदान गर्दै आइएको छ। प्रदेश र स्थानीय तहले समेत शिक्षातर्फ वित्तीय समानीकरण अनुदान पनि विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको अवस्था छ। शारदा नगरपालिकाबाट समेत वित्तीय समानीकरण अनुदान, आधारभूत शिक्षा परीक्षा सञ्चालन र बालबालिकाको शिक्षामा समतामूलक पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि सहयोग गर्ने खालका थुप्रै कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि विगतदेखि नै पाँच वर्षे विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य निरन्तर गरिरहेका छन्। यस नगरपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्र एवं सामुदायिक विद्यालयहरूको नेतृत्वमा नगपालिकाको साक्षरता दरमा समेत उल्लेख्य वृद्धि गरी साक्षर जिल्ला घोषणामा योगदान पुऱ्याएको अवस्था छ। विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा

सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाईन्छ।

सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो। यस योजनाले योजना अवधिभर नगपालिकालाई पूर्ण साक्षर तुल्याई अनौपचारिक वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चित गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ। विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन्।

बदलिँदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षमा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महसुस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन्। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ। योजनाले अपनत्वको सिर्जना, नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्द्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरीब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरि निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागू गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सवलीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ। विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन्। त्यसैगरी योजनामा आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवं मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यसँग सम्बन्धित कार्यक्रमहरू पनि समावेश गरिएका छन्।

शारदा नगरपालिकाको आवधिक पञ्चवर्षीय योजना निर्माणको तयारी गरेसँगै कोभिड-१९ को दोस्रो चरणको प्रकोप सुरु हुनाले यो कार्यले गति लिन केही समय लागेको थियो। सीमित स्रोत र साधनको प्रयोग गरेर विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी योजना निर्माण प्रक्रियालाई अगाडि बढाउनका लागि

यस नगरपालिकाका शिक्षा अधिकृत श्री संगीता बुढाको संयोजकत्वमा पाँच सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन गरी जिम्मेवारी विभाजन गरिएको थियो र योजना निर्माणमा EGRP II का जिल्ला संयोजक श्री पुरुषोत्तम गिरीले प्राविधिक सहयोग गरि महत्वपूर्ण भुमिका निर्वाह गर्नुभएको थियो। योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन नगपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो। योजना निर्माणका लागि सरोकारवालाहरूसँग व्यापक छलफल र अन्तरक्रिया गरिएको थियो। योजनालाई प्रधानाध्यापक बैठक, नगर शिक्षा समिति, नगर कार्यपालिकाको बैठकमा समेत छलफल तथा स्वीकृतिको लागि प्रक्रिया पुरा गरी अन्तमा नगरसभाबाट स्वीकृत गरिएको थियो ।

यस योजनाको अन्तसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिक र गुणस्तरमा सुधार हुने अपेक्षा गरेको छ । नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाको अपेक्षा गरेको छ। यस योजनाको कार्यान्वयनका लागि पाँच वर्षसम्म जम्मा १ अर्व, ३४ करोड, १८ लाख ८६ हजार खर्च हुने अनुमान गरिएको छ। त्यसका लागि सङ्घीय सरकारको १ अर्व ९ करोड ८१ लाख ५ हजार, प्रदेश सरकारको ३ करोड, ९२ लाख ८५ हजार, स्थानीय सरकारको १६ करोड७३ लाख ५१ हजार र सङ्घसंस्थाहरूको ३ करोड ७१ लाख ४५ हजार दायित्व निर्धारण गरिएको छ।

# विषयसूची

**परिच्छेदः १**


| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १ | परिचय | १-८ |
| | १.१ पृष्ठभूमी | १ |
| | १.१.१ अवधारणा | २ |
| | १.१.२ सन्दर्भ | ३ |
| | १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण | ५ |
| | १.१.४ योजना निर्माण प्रकृया | ७ |
| **परिच्छेदः२** | | |
| २ | शिक्षा क्षेत्रको योजना | ९-२८ |
| | २.१ सन्दर्भ र औचित्य | ९ |
| | २.२ दीर्घकालिन राष्ट्रिय सोंच | १० |
| | २.३ शारदा नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य | १० |
| | २.४ लक्ष्य | ११ |
| | २.५ उद्देश्यहरू | ११ |
| | २.६ रणनीतिहरू | १२ |
| | २.७ प्रमुख उपलब्धि सूचकहरू | २१ |
| **परिच्छेदः३** | | |
| ३. | शिक्षाका उपक्षेत्रहरू | २९-८७ |
| | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | २९ |
| | ३.२ आधारभूत शिक्षा | ३३ |
| | ३.३ माध्यमिक शिक्षा | ३९ |
| | ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्ध | ४४ |
| | ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम | ४८ |
| | ३.६ पाठ्यक्रम र पाठ्यसामाग्री | ५१ |
| | ३.७ शिक्षक व्यवस्थापन र विकास | ५६ |
| | ३.८ विद्यालय व्यवस्थापन | ६२ |
| | ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षा | ६६ |
| | ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा | ७० |
| | ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | ७५ |

| | | |
|---|---|---|
| | ३.१२ शिक्षामा सूचना प्रविधि | ८० |
| | ३.१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | ८४ |
| **परिच्छेदः४** | | |
| ४. | संस्थागत संरचना र क्षमता विकास | ८८-९१ |
| | ४.१ परिचय | ८८ |
| | ४.२ वर्तमान अवस्था | ८९ |
| | ४.३ लक्ष्य | ९० |
| | ४.४ उद्देश्य | ९० |
| | ४.५ रणनीतिहरू | ९० |
| | ४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ९० |
| **परिच्छेदः५** | | |
| ५. | लगानी र स्रोत व्यवस्थापन | ९२-९८ |
| | ५.१ परिचय | ९२ |
| | ५.२ वर्तमान अवस्था | ९२ |
| | ५.३ लक्ष्य | ९३ |
| | ५.४ उद्देश्य | ९४ |
| | ५.५ रणनीतिहरू | ९४ |
| | ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | ९४ |
| **परिच्छेदः६** | | |
| ६. | कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | ९७-१०१ |
| | ६.१ परिचय | ९७ |
| | ६.२ वर्तमान अवस्था | ९७ |
| | ६.३ लक्ष्य | ९८ |
| | ६.४ उद्देश्य | ९८ |
| | ६.५ रणनीतिहरू | ९९ |
| | ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | १०० |
| **परिच्छेदः७** | | |
| ७. | मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचक | १०२-१४३ |
| | ७.१ वित्तिय योजना | १०२ |
| | ७.२ कार्यक्रम तथा नतिजा खाका | ११७ |
| | सन्दर्भ सामग्रीहरू | १२५ |
| | अनूसूचिहरू | १२६-१४३ |

# परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ। उक्त धाराले पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन वमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ। नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ। जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन,मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख गरिएको छ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ। संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ। यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने शिक्षा क्षेत्र योजनाको दीर्घकालीन सोचलाई साकार पार्न नगरपालिकाले शिक्षा योजना २०७९ तयार गरेको छ। यसका साथै नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो। यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ। यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागु गर्नु सबै  नागरिकको कर्तव्य रहनेछ। गुणस्तरीय शिक्षाको विकास गरी सीपयुक्त नागरिक तयार गर्न र समृद्ध नगरपालिकाको रूपमा विकास गर्न यो नीतिले उल्लेख्य भूमिका खेल्ने अपेक्षा गरिएको छ।

### १.१.१ अवधारणा

नेपालको संविधानले धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ। शिक्षामा पहुँच बढाउन र शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ। त्यसैगरी उपधारा ३,४ र ५ ले क्रमशः अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन वमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निम्ति विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ। योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ। वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो। दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ। साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधारका रुपमा लिएको छ। शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक रहेको

छ। संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत पर्ने भएकाले छरिएर रहेका शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नुपरेको कुरा उल्लेख गरेको छ।

निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन २०७५ ले शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँचर निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली २०७७ ले परिच्छेद ६ सम्म व्यवस्था गरेको छ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्बन्धी लक्ष्य ४ समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

(क) सन् २०३० सम्ममा सबै छात्र छात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निः शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने।

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने।

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्म कै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप र दक्षता भएका युवा र वयस्कहरूको संख्या वृद्धि गर्ने।

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यवसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्य राखेको छ। यसरी शिक्षाको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दे स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटी कार्यान्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ।

### १.१.२ **सन्दर्भ**

शैक्षिक क्षेत्रको विकेन्द्रीकरण सँगसँगै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन गरेको छ। सोहीअनुसार आधारभूत

शिक्षा र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाइ सोको कार्यान्वयन गर्नका लागि महत्वपूर्ण रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भित्र पर्ने शिक्षा सम्बन्धी २३ वटा अधिकारको व्यवस्था गरेको छ।

विश्वव्यापी मानव विकास सूचकाङ्क प्रतिवेदन, २०२० का अनुसार १८९ मुलुकमध्ये १ सय ४२ औं स्थानमा रहेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यूएनडिपिले नेपालको मानव विकास सूचकाङ्कको अवस्था मध्यम रहेको बताएको छ। दक्षिण एसियामा नेपाल छैठौं स्थानमा छ। पहिलो स्थानमा श्रीलङ्का छ भने दोस्रोमा माल्दिभ्स, तेस्रोमा भुटान, चौथोमा भारत र पाँचौंमा बङ्गलादेश छ। पाकिस्तान र अफगानिस्तान नेपालभन्दा पछि छन्। दक्षिण एसियामा पहिलो स्थानमा रहेको श्रीलङ्का विश्वको ७२ औं स्थानमा छ। नेपाल आफैंमा विविधतायुक्त देश हो। नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन्। नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ। यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेको छ। विविधतामा एकता नेपाली समाजको विशेषता हो। विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ। सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको सामयिक आवश्यकता हो। विविधता नेपाल राज्यको मौलिक पहिचान हो। यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत उपयोगी रहेको छ।

## शारदा नगरपालिकाको संक्षिप्त परिचय

शारदा नगरपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार कर्णाली प्रदेशमा पर्दछ। शारदा नगरपालिका विश्व मानचित्रमा ८२°२'४०'' देखि ८२°१६'३६'' पूर्वी देशान्तरसम्म २८°१८'५१" देखि २८°२७'४४ उत्तरी आक्षांससम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचनासहित पहाडी क्षेत्रमा अवस्थित छ। १९८.३४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस शारदा नगरपालिकाको उत्तरमा शिद्धकुमाख गाउँपालिका पश्चिम तर्फ बनगाड कुपिण्डे नगरपालिका, दक्षिणमा छत्रेश्वरी, त्रिवेणी र कालिमाटी गाउँपालिकार पूर्वमा छत्रेश्वरी गाउँपालिका र बागचौर नगरपालिका रहेका छन्। नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट सल्यान जिल्लाको तत्कालीन ७ गा.वि.स खलङ्गा, मार्के, हिवल्चा, कजेरी, सेजवालटाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई २०७१ जेठ २ गतेबाट औपचारिक रुपमा सञ्चालनमा आएको हो। शारदा नगरपालिकाको नामाकरण यस नगरपालिका भई बग्ने शारदा नदीबाट गरिएको हो। शारदा नदी शारदा नगरपालिकाकोमात्र नभई सल्यान जिल्लाको प्रमुख नदीको रूपमा रहेको छ। यस नदीलाई आर्थिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार शारदा नगरपालिकाको जनसंख्या ३३,७३० रहेको छ जसमध्ये पुरुष ४६.४३ प्रतिशत अर्थात् १५,६६१ जना र महिला ५३.५७ प्रतिशत अर्थात १८,०६९ जना रहेको यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको

बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस पालिकामा वसोवास गर्ने जातजातिमा सबैभन्दा बढी ब्राहमण क्षेत्री जाति २१,१२७ जना अर्थात् ६२.६४ प्रतिशत, दोस्रोमा सन्यासी/दशनामी २,७६१ जना अर्थात् ८.१९ प्रतिशत र तेस्रोमा कामी २,५८६ अर्थात् ७.६७ प्रतिशत बसोबास रहेको छ। शैक्षिक हिसाबमा यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ६९ वटा शिक्षण संस्थाहरू सञ्चालित छन्। यस नगरपालिकामा औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। स्थानीय बासिन्दाको आम्दानीको अन्य स्रोतहरूमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, वैदेशिक रोजगारी, नोकरी आदि हुन्।

परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस नगरपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदानगर्ने शैक्षिक संस्था रहेका छन्। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस नगरपालिकाका स्थानीय विद्यार्थीहरू अन्य छिमेकी जिल्लामा जाने गरेका छन् भने अन्य जिल्लाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सीमान्तकृत वर्गमा रहेका नागरिकमा भने विद्युतीय उपभोगको पहुँच पुग्न सकिरहेको छैन। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले नगरपालिकाको यस क्षेत्रमा अपेक्षित विकास हुन सकिरहेको छैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, साउने सक्रान्ति, कृष्णजन्माष्टमी, तीज, दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं आदि मनाउने गरिन्छ।

### १.१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

शिक्षा देशको मेरुदण्ड हो। वर्तमानमा प्रदान गरेको शिक्षाले आगामी आधा शताब्दीलाई प्रभाव पार्दछ। तिव्र विकासको आशा राख्ने वर्तमान समाजमा नवीनतम् प्रविधिलाई अँगाल्दै विकासको गतिमा प्रतिस्पर्धात्मक क्षमता सहितको जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई नै भरपर्दो बनाउनु पर्छ भन्नेमा दुईमत छैन्। भूतमा भएका प्रगति वर्तमानमा गरिएका प्रयासले मात्र भविष्य सुखद बन्न सक्छ। शिक्षा क्षेत्रमा यस अघि सफल मानिएका विधि पद्धति तथा प्रमाणयोग्य तथ्यहरुलाई साथ लिएर शैक्षणिक गतिविधि अगाडि बढाउन नसक्ने हो भने विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादन गर्न नसकिने पक्का जस्तै भइसकेको छ। नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न तहगत र कक्षागत उमेर समेत निर्धारण गरिएको छ। जसअनुसार प्रारम्भिक बालविकास ३-४ वर्ष, आधारभूत तहका लागि ५-१२ वर्ष र माध्यमिक तहका लागि १३-१६ वर्ष उमेर समूह निर्धारण गरेको छ। शारदा नगरपालिकाले देहाय वमोजिमको शिक्षा सम्बन्धी नीति अवलम्बन गरेको छः

(क) आधारभूत तथा माध्यामिक शिक्षामा गुणस्तरीयता ल्याई निःशुल्क र अनिवार्य गर्ने र प्राविधिक शिक्षामा जोड दिने।

(ख) शैक्षिक बेरोजगारी व्यवस्थापन गर्न सिपमूलक तालिम प्रदान गरी शिक्षालाई प्रविधी मैत्री बनाउने।

(ग) अनियमित रुपमा सञ्चालित शैक्षिक सस्थाहरुलाई नियमन गरीशैक्षिक सुधारको नीति अवलम्बन गरिनेछ।

(घ) शारदा नगरपालिका अन्तर्गत रहेका सार्वजनिक तथा नीजि विद्यालयहरूको शैक्षिक गुणस्तर सहित सुविधा सम्पन्न नमुना विद्यालयहरू १५ वटै वडाहरूमा स्तरोन्नती गर्ने ।

(ङ) नगर क्षेत्रभित्रका विद्यालयबाट सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्ने।

(च) प्रारम्भिक बाल विकासका शिक्षकहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने।

(छ) प्रविधिलाई सिकाइसँग जोडन सबै विद्यालयलाई कम्प्युटरको व्यवस्था गर्ने।

(ज) कोरोनाको संक्रमणलाई मध्यनजर गरी विद्यालयमा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

(झ) प्राकृतिक प्रकोप तथा विभिन्न विपद्को सामना गर्दै विद्यार्थीहरूको लागि वैकल्पिक माध्यमबाट सिकाइको व्यवस्थापन गर्ने,

(ञ) शिक्षण सिकाइलाई व्यवस्थित गर्न प्रत्येक विद्यालयको प्रधानाध्यापकसँग करार सम्झौता गर्ने।

## विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

- सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण,
- शिक्षकहरूलाई पेसागत सहयोग,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवहारिक कार्यान्वयन,
- विषयगत दक्ष शिक्षकको पर्याप्तता,
- नवीनतम प्रविधिको पहुँच र उपयोग,
- पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्री उपलब्ध र प्रयोग,
- अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच,
- सबैको हुने तर कसैको नहुने मान्यताको अन्त्य,
- साझा अधिकार कार्यान्वयन,
- तथ्याङ्क विश्लेषण,
- विद्यार्थी निरन्तरता,
- विपद्को समयमा शिक्षाको निरन्तरता।

## विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार,

- स्थानीय तहमा शिक्षा क्षेत्रमा संघ संस्थाहरूको क्रियाशीलता,
- गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह,
- विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि,
- सकरात्मक लैङ्गिक समता सूचकाङ्क,
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता,
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता,
- तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य,
- मूल्याङ्कन प्रतिवेदन,
- कार्य सम्पादनमा आधारित करार ।

### १.१.४ **योजना निर्माण प्रकृया**

शारदा नगरपालिकाले पाँच वर्षे आवधिक नगर शिक्षा योजना निर्माणको लागि नगरभित्रका सबै पक्ष र तहको सहभागितालाई सुनिश्चित गरेको छ । नगरपालिकाले पालिकाभित्र योजनाको सुरुवातमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी लगायतका शिक्षासँग सरोकार राख्ने वर्गको प्रत्यक्ष सहभागितामा छलफल गरेको छ। शिक्षाको विगतको अनुभव, वर्तमान अवस्थाको पहिचान र भावी कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यान्वयन तहसम्म पुर्याइ प्रतिफल दिन आफैंमा कठिन र चुनौतिपूर्ण छ। यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागी सहभागितामूलक तरिकाले योजना निर्माणलाई मुख्य जोड दिइएको छ । हाम्रो शिक्षाको विकास हाम्रै लागि भन्ने सोच राखेर स्थानीय सरोकारवालाहरूको अधिकतम सहभागितामा तयार पारिएको शिक्षा योजनाको निर्माणको चरणमा तपसिल बमोजिमको प्रक्रिया अवलम्बन गरिएको छ ।

- योजना निर्माणको लागी पालिकाबाट बजेट विनियोजन गरिएको,
- शारदा नगरपालिकाको पाँच वर्षे नयाँ शिक्षा योजना निर्माणका लागि पाँच सदस्य प्राविधिक सहयोग कार्यदल(अनुसूची-१) र आवश्यकता अनुसारका विभिन्न उपसमितिहरू गठन गरिएको,
- योजनालाई मूर्तरुप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको,
- योजनाका विषयवस्तुमा अध्ययन र छलफल भएको,
- शिक्षाका उपक्षेत्र अनुसारका विषयगत समिति निर्माण गरी योजना निर्माण गरिएको,
- प्रत्येक वडाका प्रत्येक विद्यालयबाट तथ्याङ्क सङ्कलन गरी विश्लेशण गरिएको,
- **IEMIS** लगायतका द्वितीय तथ्याङ्क समेत प्रयोग गरिएको,
- विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षाप्रेमी र सरोकारवालासँग छलफल गरिएको ,

- नेपालको संविधान, शिक्षा ऐन २०२८ तथा नियमावली२०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय क्षेत्र विकास योजनाशारदा नगरपालिकाको शिक्षा ऐन, २०७५, नगरपालिकाको गुरु योजना, प्रदेश सरकारको वस्तुस्थिति र अन्य आधारपत्रहरूको समेत अध्ययन गरिएको,
- तथ्याङ्क सङ्कलन, प्रक्षेपण, विश्लेशण र प्रमाणिकरण गरिएको,
- विभिन्न प्रकारका सुझाव,खेस्रा तयारी,टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको,
- तयार भएको खाकालाई सरोकारवालाहरूसँग प्रस्तुत गरी थप सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको,
- विज्ञहरूको सुझाव र पृष्ठपोषणका आधारमा योजना निर्माण गरी नगर शिक्षा समिति, कार्यपालिका र नगरसभाबाट स्वीकृत गरि लागु गरिएको ।

# शिक्षा क्षेत्रको योजना

## २.१ सन्दर्भ र औचित्य

शारदा नगरपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकताको रूपमा लिएको छ । शिक्षामा गुणस्तरीयताको खाँचो छ। गुणस्तरीय शिक्षाको वातावरण तयार गर्न सके मात्र समृद्ध नगरपालिका हुन्छ भन्ने कुरालाई नगरपालिकाले मनन गरेको छ। नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण विषयका रुपमा आत्मसात् गर्दै आएको छ।

कम्तिमा एक सामुदायिक विद्यालयमा एक बाल विकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गता मैत्री प्रणालीको अवलम्बन गरिएको छ । साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी साविकका गाविसहरूलाई साक्षर गाविसको रूपमा घोषणा समेत गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक वर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुँदै आएको छ। बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तहसम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा घोषणा गरिएको छ । शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिइएको छ। उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहनदार छात्रछात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था यस नगरपालिकाले गरेको छ। त्यसैगरी यस नगरपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य पनि गर्दै आएको छ।

मुलुकको समृद्धि र समुन्नतिका लागिआवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सीपमुलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यो नगरपालिकाको शिक्षालाई सबैको आकर्षणको केन्द्र बनाउन यो योजना केन्द्रित रहनेछ। यही सन्दर्भलाई दृष्टिगत गरि शिक्षा योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नगरपालिकाले अबको पाँच वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ । शारदा नगरपालिकाभित्र ५८ वटा सामुदायिक र ११ वटा संस्थागत गरि जम्मा ६९ वटा विद्यालयहरू

सञ्चालनमा रहेका छन् । जसमध्ये १० वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये ८ वटा विद्यालय १२ कक्षा सम्म र ५ वटा संस्थागत माध्यमिक विद्यालयहरू मध्ये १ वटा विद्यालय कक्षा १२ सम्म सञ्चालित छ। यस नगरपालिकामा एउटा नमुना विद्यालय त्रिभुवन जन मा.वि. लुहापिङ सञ्चालनमा छ। नमुना विद्यालयमा कक्षा ९-१२ मा प्राविधिक धारको कक्षा समेत सञ्चालनमा छ। शारदा नगरपालिका भित्र शिक्षाको पहुँच वृद्धिका साथै सिकाइलाई निरन्तरता दिनका लागि ४ वटा सामुदायिक अध्ययन केन्द्र र एउटा खुला विद्यालय (कक्षा १०) सञ्चालनमा छ। प्राविधिक, व्यवसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धी गर्दै सीप विकासका अवसरहरू सृजना गर्ने उद्देश्यले यस पालिकामा कर्णाली प्रदेश सरकारको सहयोग र शारदा नगरपालिका समेतको लगानीमा बहुप्राविधिक शिक्षालय सञ्चालनमा छ। उक्त बहुप्राविधिक शिक्षालयमा पशुविज्ञान, वालीविज्ञान र सिभिल इन्जिनियरिङ लगायतका कार्यक्रम सञ्चालनमा छन्। प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) तर्फका प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरू दुई सामुदायिक विद्यालय र एक नीजि क्षेत्रबाट सञ्चालित छन्। उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त दुई वटा क्याम्पसमा शिक्षा, मानविकी, व्यवस्थापनमा स्नातकोत्तरसम्मको पढाइ हुन्छ।

IEMIS प्रतिवेदन, २०७८ अनुसार शारदा नगरपालिकाको शिक्षक विद्यार्थी अनुपात बालविकासमा १:१८, प्राथमिक तहमा १:२२, निम्न माध्यमिक तहमा १:४०, माध्यमिक तहमा (९-१०) को १:२९ र माध्यमिक तह (११-१२) मा १:६८ रहेको छ। शैक्षिक सत्र २०७८ का लागि भर्ना भएका जम्मा विद्यार्थी संख्या बालविकासमा १ हजार २ सय १३ जना, आधारभूत तह (१-५) मा ४ हजार ६ सय १९ जना, आधारभूत तह (६-८) २ हजार ५ सय ७४जना, माध्यमिक तह (९-१०) मा १ हजार ६ सय १४ जना र माध्यमिक तह (११-१२) मा १ हजार २ सय १८ जना छन् । शारदा नगरपालिकाको दरबन्दी मिलान कार्यदल प्रतिवेदन, २०७७ अनुसार नगरपालिका भित्र जम्मा ६ वटा विद्यालयमा बालविकास कक्षा सञ्चालन नभएको अवस्था छ। जम्मा ५८ वटा सामुदायिक विद्यालयहरूमध्ये ६ वटा विद्यालयमा शून्य दरबन्दी रहेको छ। एउटा विद्यालयले संघीय अनुदानबाट वार्षिक एकमुष्ठ अनुदान प्राप्त गर्दै आएको छ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

## २.३ शारदा नगरपालिकाको दीर्घकालीन सोच तथा गन्तव्य

समृद्ध शारदा नगरपालिकाका लागि नगरवासिलाई खुसि बनाउन आवश्यक स्वावलम्बी, सीपमुलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासका लागी योगदान गर्ने।

## २.४ **लक्ष्य** (Goal)

२०८३ सम्म पालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी,सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## २.५ उद्देश्यहरू

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने,
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता वृद्धि गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने,
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने,
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृद्धिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने,
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्ने,
- सबै निरक्षरहरूलाईपूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने,
- सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने,
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने,

## २.६ रणनीतिहरू

**२.६.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने ।**

- सबै बालबालिकाको पहुँचका लागि संघीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, नीजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

**२.६.२ सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।**

- विद्यालय नक्साङ्कन गर्ने,
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागी स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्ने आवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने ,
- शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने,

- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
- शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
- विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकूलको माध्ममभाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताकोसम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ,
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धीत व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,
- शिक्षक विकास र सहायतता प्रणालीलाई व्यवस्थित गर्ने ।

**२.६.३ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने ।**

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

२.६.४ **उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने ।**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने,
- स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने,
- खुला एवम् दूर शिक्षा लगायतका व्यवस्था मार्फत समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न,
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,

- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,
- स्थानीय तहको मानव संशाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
- आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

२.६.५ **प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने ,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने ,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत,

स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,

- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धीत संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

**२.६.६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने ।**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,  बहु भाषा प्रयोग गरिने,
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

**२.६.७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रफमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने ,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।

**२.६.८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार गर्ने ।**

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
- विद्यालय नक्शाङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिने,
- शिक्षक दरबन्दी मिलानतथा प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परिक्षण गरिने,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,

- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने ।

२.६.९ **सबै निरक्षरहरूलाई पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने ।**

- सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरिने,
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने  बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

२.६.१० **सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने छ,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने छ,
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग,  शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध  गराउने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा

पुस्तकालय, प्रयोगशाला, ऋफकउगतभच िबद आदिको व्यवस्था गरिने,

- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण,  तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,
- सार्वजनिक शिक्षामा सुशासन प्रवद्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने ।

२.६.११ **शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कम्जोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने ।**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईने,
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
- आधारभूत तहमा बहुभषा तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिने,
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
- आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,
- विद्यालयमा अभिभावकको सहभागिता बढाइने,
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने,
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, नीजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

२.६.१२ **सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने ।**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,

- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने ।

२.६.१३ **विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने ।**

- विपद्को समयमा शिक्षा निरन्तरता गर्ने पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद् सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जगेर्ना आवश्यक तयारी,
- कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण,
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,

## २.७ प्रमुख उपलब्धि सूचकहरू (**Key Performance Indicators–KPI**)

| क्र.स. | सूचक | | आधार वर्ष २०७७ | २०८० | २०८३ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर ८ (%) | स्थानीय | ११२.४ | १०९ | १०५ | - | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका ८ (%) | स्थानीय | ६६.८ | ७५ | ९० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३.० | ८५.० | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| | २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९७.८ | ९८.५ | ९९.५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९.० | १०० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११६.७ | ११२ | १०५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर ८ (%) | स्थानीय | ९७.६ | ९८.५ | ९९.५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि. वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर ८ (%) | स्थानीय | १०५.२ | १०३ | १०० | | | |
| | | प्रदेश | ११८.५ | | | | | |
| | | राष्ट्रिय | ११८.० | ११५.० | | | वि.क्षे. वि.यो. | फ्ल्यास रिपोर्ट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर ८ (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर ८ (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | दि.वि.ल. ४ (नेरा.का.) | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर ८ (%) | स्थानीय | ९८.७३ | ९८.८२ | ९९.०२ | ९९.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर ८ (%) | स्थानीय | ९३.८ | ९५ | १०० | | | |
| | | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका ८ (%) | स्थानीय | १३.७८ | १० | ५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२. | २०.० | १५.० | १०.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.८९ | ०.९५ | १ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ८ (%) | स्थानीय | ७०.६ | ८० | ९० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९.० | | १०० | पन्ध्रौं योजना वि.क्षे. वि.यो | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समिक्षा) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १०५.२ | १०४ | १०२ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर ८ (%) | | स्थानीय | ९५.७१ | ९७ | १०० | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर ८ (%) | | स्थानीय | ८०.६ | ८५ | ९० | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | दि.वि.ल.४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक ८ | | स्थानीय | ०.९ | ०.९५ | १ | ०.४० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्ट वि.क्षे. वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ५७.६८ | ६० | ६५ | ३५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | ५९.१८ | ६५ | ७० | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ६१.६ | ६२ | ६५ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय | ५८.२ | ६० | ६५ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | अङ्ग्रेजी | स्थानीय | ५८.७ | ६१ | ६४ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ६२.९ | ६४ | ६६ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | ५५.८ | ६० | ६५ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना |
| | | विज्ञान | स्थानीय | ६२ | ६४ | ६६ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका ८ (%) | | आधारभूत (कक्षा १-५) | स्थानीय | २.२ | १ | ० | | |
| | | | | प्रदेश | | | | | |
| | | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | दि.बि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |
| | | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | | |
| | | | | प्रदेश | | | | | |
| | | | | राष्ट्रिय | ६.६ | | १.० | दि.बि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको संख्या ८ (%) | | स्थानीय | ४४.८ | ४६ | ५० | ५५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर ८ (%) | स्थानीय | ४५ | ४७ | ५० | ६० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना | पन्ध्रौं योजनाले वि.सं.२१०० (९५.० %) मा पुऱ्याउने लक्ष |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर ८ (%) | स्थानीय | ७१.९ | ८० | ९० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक ८ (कक्षा ९-१२) | स्थानीय | १.१७ | १.१० | १.०५ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | पन्ध्रौं योजना वि.क्षे.वि.यो. दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर ८ (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ७२ | ७४ | ७६ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक संख्या ८ (%) | स्थानीय | १३.५१ | २० | २७ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. ४(ने.रा.का.) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी संख्या ८ (%) | स्थानीय | विज्ञान | १.१५ | ३ | ५ | | |
| | | | प्रा.व्या. | ६.२५ | ८ | १० | | |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा.व्या. | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | प्रन्धौं योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | पन्ध्रौं योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि ८ (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६८.८ | ७० | ७२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ५७.६ | ५९ | ६२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | ६६.५ | ६८ | ७२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ६९.२ | ७० | ७२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ४.जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९६.४ | ९७ | ९९ | ९८.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५८.० | | ९५.० | | पन्ध्रौं योजना | पन्ध्रौं योजनामा वि.सं.२१०० मा (९९.० %) पुऱ्याउने लक्ष |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | दि.वि.ल. ४ (ने.रा.का.) | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९२.० | | ९९.० | | पन्ध्रौं योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | दि.वि.ल. (रा.समीक्षा) | दि.वि.ल. रा.समीक्षा) |
| | ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति ८ (%) | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | पन्ध्रौं योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति ८ (वार्षिक संख्या) | स्थानीय | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | प्रदेश | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | ६.सुशासन तथा व्यवस्थापन | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २२:१ | २२:१ | २२:१ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना | शैक्षिक सूचना |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४०:१ | ३५:१ | ३०:१ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना | शैक्षिक सूचना |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २६:१ | २५:१ | २४:१ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | पन्ध्रौं योजना | शैक्षिक सूचना |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २९:१ | २६:१ | २५:१ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | फ्ल्यास रिपोर्ट पन्ध्रौं योजना | शैक्षिक सूचना |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ६८:१ | ५५:१ | ५०:१ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | पन्ध्रौं योजना | शैक्षिक सूचना |
| | ७. उच्च शिक्षा | | | | | | | |
| ७.१ | उच्च शिक्षामा कूल भर्ना दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२.० | १७.० | २२.० | २५.० | पन्ध्रौं योजना दि.वि.ल. ४ (ने.रा.का.) | पन्ध्रौं योजनमा वि.सं.२१०० मा (४०.० %) पुऱ्याउने लक्ष |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ०.९० | ०.९४ | ०.९६ | १.० | दि.वि.ल. (रा.समीक्षा) दि.वि.ल. ४(ने.रा.का.) | दि.वि.ल. (रा.समीक्षा) |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर(%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २५.० | | ३३.० | | पन्ध्रौं योजना | शैक्षिक सूचना |
| | ८. शिक्षामा लगानी | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ८ (%) | स्थानीय | १.४ | १० | २० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | दि.वि.ल. ४ (ने.रा.का.) | शैक्षिक सूचना |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | पन्ध्रौं योजना | शैक्षिक सूचना |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | २५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | पन्ध्रौं योजना | शैक्षिक सूचना |

# शिक्षाका उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपाल सरकारले शिक्षालाई राष्ट्रिय विकासको आधारको रूपमा लिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सहित विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यावहारिक प्रयासहरू अघि बढाएको छ। नेपालको संविधान, आवधिक विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र वार्षिक नीति तथा कार्यक्रम मार्फत आर्थिकसामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न शिक्षालाई राष्ट्रिय विकासको महत्वपूर्ण क्षेत्रको रुपमा आत्मसात गरिएको छ। बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालविकास केन्द्रले महत्वपूर्ण योगदान दिने तथ्यमा निर्विवाद छ। प्रारम्भिक बालविकास कार्यक्रम नेपालको 'सबैका लागि शिक्षा' सम्बन्धी राष्ट्रिय कार्ययोजना र सबै का लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्ग हो। नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत् आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिवद्ध छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बालविकास कार्यक्रमको औचित्यलाई महसुस गरी बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको छ। प्रारम्भिक बालविकाससम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्ने गरी तयार गरिएका छन् भन्ने कुरा प्रमाणित गरेको छ। विद्यालय क्षेत्र विकास योजना २०७३ देखि २०७९ का अनुसार मुलुकको विविधतायुक्त परिवेश तथा आवश्यकता अनुकूल शिक्षाको पहुँच तथा गुणस्तरीयतालाई सुदृढ गरी वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसितबाट स्तरोन्नति गर्ने राष्ट्रिय अपेक्षालाई साकार गराउने गरी पाँच वर्षे कार्यक्रम लक्षित गरेको छ। यसका लागि शिक्षा क्षेत्रको संस्थागत क्षमतामा सुधार गर्नु एउटा प्रमुख रणनीति हुने भएकोले यस शारदा नगरपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रुपमा निर्माण गर्ने उद्देश्य लिएको छ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र

गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस शारदा नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ। सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन्। पालिकाबाट सञ्चालित बालविकास केन्द्रको विवरण अनुसूची-२ मा दिइएको छ।

## ३.१.२ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि प्रारम्भिक बालशिक्षालाई आधार भूत शिक्षामा समाहित गरेको छ। यस शारदा नगरपालिकामा हाल ५२ सामुदायिक विद्यालयहरूमा बालविकास कक्षा सञ्चालनमा रहेका छन्। शारदा नगरपालिकाको पार्श्वचित्र २०७८ को तथ्याङ्क अनुसार यस शारदा नगरपालिकामा सञ्चालित बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर जम्मा ९७.८ प्रतिशत रहेको छ।जसमा विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ बर्ष उमेर समूहका १ हजार २ सय १३जना बालबालिका अध्ययन गरिरहेका छन्। बालविकास शिक्षाको व्यवस्थापनका लागि जम्मा ६२ जना बालविकास सहजकर्ताको दरबन्दी रहेको छ। शारदा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत बालविकास सहजकर्ताहरूको न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. र अधिकतम स्नातक तह रहेको छ।

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नु पर्ने आवश्यकता देखिन्छ। अझैं ५८ वटा सामुदायिक विद्यालयहरू मध्ये ६ वटा विद्यालयहरूमा बालविकास कक्षा सञ्चालन गर्न सकिएको छैन जसका लागि शारदा नगरपालिकाको दरबन्दी मिलान कार्यदल, २०७७ को प्रतिवेदनको आधारमा दरबन्दी मिलान कार्यलाई सम्पन्न गर्नु पर्ने देखिन्छ। बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको तथा कतै कतै सो भन्दा बढी दुरीमा रहेको अवस्था छ। भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ। यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानुपर्दछ। नगरपालिकाले नगरपालिकाभित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालबालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापना,गर्ने लक्ष्य लिएको छ। बालविकास शिक्षा सुधार योजना निर्माण गरी बालबालिकाहरूको मूल्याङ्कन फाराम मार्फत वार्षिक ४ पटक विद्यार्थीको सिकाइ तथा विकास मूल्याङ्कन गर्ने गरिएको छ। नगरपालिकाका सबै बालविकास केन्द्रहरू विद्यालयले व्यवस्थापन गर्ने गरी व्यवस्था गरिएको छ।

### ३.१.३ लक्ष्य

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने ।

### ३.१.४ उद्देश्य

- तोकिएको उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउने,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.५ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य गर्ने,
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्डलाई समयानूकुल स्थानीयकरणकालागि सुझाव पेस गर्ने,
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने,
- बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउने ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

**प्रमुख नतिजाः**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ माप्रवेश गर्ने अवसर हुने,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरूसँग सहकार्य भएको हुने ।

प्रमुख क्रियाकलाप र गन्तव्य (Target) :

**प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य**

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण | पटक | १ | | | | | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | |
| ३ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य | निरन्तर | | | | | | | |
| ४ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | वटा | २ | ३ | ३ | ४ | ५ | १७ | |
| ६ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | | | | | | | |
| ७ | अधिकार सम्पन्न संयन्त्रको विकास | पटक | १ | | | | | १ | |
| ८ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवाशीय योजना | वटा | | | १ | | | १ | |
| ९ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | पाठ्यक्रम प्रबोधिकरण | पटक | १ | | १ | | १ | ३ | |
| ११ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | वटा | १५ | १५ | १० | १५ | ३ | ५८ | |
| १२ | शिक्षकको योग्यता क्षमता  र पेसागत विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ |
| १४ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १५ | अभिभावक शिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| १८ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २० | सहयोगी (आया) को व्यवस्था | वटा | ३ | १० | १५ | १५ | १५ | ५८ | |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको सेवा तथा सुविधामा वृद्धि गर्ने | पटक | १ | | | | | १ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.1 परिचय

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ। आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ बर्षका बालबालिकाहरूलाई समेट्छ। आधारभूत तह विद्यालय शिक्षाको जग हो। यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्रीर अनूकुल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहको छ। आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ। प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ । उमेर समूहका हिसाबले ४ देखि १२ बर्षका बालबालिकाहरूलाई समेट्छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने व्यवस्था गरेको छ। आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने उल्लेख छ। शारदा नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १-३ सञ्चालन भएका १२, कक्षा१-५ सञ्चालन भएका ३१ वटा विद्यालयहरू छन्। त्यसैगरी कक्षा १-८ सञ्चालन भएका ५, कक्षा १-१० सञ्चालन भएका २ वटा र कक्षा १-१२ सञ्चालन भएका ८ वटा गरी जम्मा ५८ वटा छन्। संस्थागत तर्फ कक्षा १-३ सञ्चालन भएका १, कक्षा १-५ सञ्चालन भएका २, कक्षा १-८ सञ्चालन भएका ३, कक्षा १-१० सञ्चालन भएका ४ वटा र कक्षा १-१२ सञ्चालन भएका १ वटा गरी जम्मा ११ वटा विद्यालयहरू छन्।

आधारभूत तहमा कुल विद्यार्थी संख्या ७ हजार १ सय ९३ र विद्यालय विद्यार्थी अनुपात १:२६ रहेको पाईन्छ। यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी संख्या ४ हजार ६ सय १९ र विद्यालय विद्यार्थी अनुपात १:२२ रहेको छ। यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी संख्या २ हजार ५ सय ७४ र विद्यालय विद्यार्थी अनुपात १:४० रहेको छ। यस पालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरबन्दी संख्या १ सय ५६ र राहत अनुदान तर्फ ३७ र अन्य नीजि स्रोतबाट (संस्थागत सहित) ४९ जना शिक्षकहरू कार्यरत रहेका छन्। न्यून दरबन्दीर शून्य दरबन्दी भएका विद्यालयहरूमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ।

शैक्षिक पार्श्वचित्र २०७८ अनुसार शारदा नगरपालिकामा आधारभूत तहको खुद भर्ना दर ९८.४ रहेको छ। जसमध्ये (१-५) तर्फ खुद भर्नादर ९७.६ र (६-८) तर्फ खुद भर्नादर ९९.२ रहेको छ। यस्तै आधारभूत तहको कुल भर्नादर १०५.२ रहेको छ। जसमध्ये (१-५) तर्फ कुल भर्नादर १०५.२ र (६-८) तर्फ कुल भर्नादर १०५.४ रहेको छ। शारदा नगरपालिकाको कक्षा १ देखि ५ सम्मको उत्तीर्ण दर ९३.८१, कक्षा १ देखि ५ सम्मको कक्षा दोहोर्‍याउने दर ४.१२ र कक्षा १ देखि ५ सम्मको विद्यालय छोड्ने दर २.०७ छ। यस्तै कक्षा ६ देखि ८ सम्मको उत्तीर्ण दर ९३.३६, कक्षा ६ देखि ८ सम्मको कक्षा दोहोर्‍याउने दर ३.१८ र कक्षा ६ देखि ८ सम्मको विद्यालय छोड्ने दर ३.४६ प्रतिशत रहेको छ।

**माथि उल्लेख गरिएका विश्लेषणका आधारमा आधारभूत तहमा देहायवमोजिमका चुनौती रहेका देखिएका छन् ।**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।
२. सूचना तथा संचार लगायत प्रविधिमैत्री वातावरणको व्यवस्था गर्ने ।
३. अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
४. बालबालिकालाई सुरक्षित, भौतिक तथा बालमैत्री वातावरणको व्यवस्था गर्ने ।
५. सिकाइको गुणस्तरमा सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
६. प्रयाप्त रूपमा शिक्षक दरबन्दी देखियता पनि कक्षा ६-८ मा विषयगत शिक्षकको व्यवस्थापन गर्ने ।
७. शिक्षकहरूको पेसागत क्षमता अभिवृत्तिका लागि तालिम सञ्चालन गर्ने ।
८. लक्ष्यमा आधारित सिकाइ उपलब्धि वृद्धि गर्ने ।

### ३.२.३ लक्ष्य

- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
- सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने,
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने,
- अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ३.२.५ रणनीतिहरू

» विद्यालय नक्साङ्कन गर्ने,
» विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने,
» अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने,
» अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
» प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,

- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नआवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाउने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा न्यूनतम सक्षमता पूरा गराउने,
- शिक्षण सिकाइका नवीनतम विधि अवलम्बन गर्ने,
- प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्राथमिकता दिने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउने,
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
- शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताकोसम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,

» शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
» नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
» विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,
» शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,
» विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने ।

## ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**नतिजाः**

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने,
- सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेको हुने,
- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

## प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन | पटक | १ | | | | | १ | |
| २ | दरबन्दी पुनर्वितरण तथा समायोजन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | प्रारम्भिक कक्षा शिक्षणसम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | वटा | ४ | ५ | ४ | ५ | ५ | २३ | |
| ८ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | वटा | १० | १० | १५ | १५ | ८ | ५८ | |
| १० | एक वडा एक नमुना विद्यालय बनाउने | वटा | ३ | ५ | ७ | निरन्तर | निरन्तर | १५ | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १२ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १३ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १४ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १५ | विपन्नका लागि पोशाक, स्टेशनरी र छात्रवृत्ति | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १६ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १७ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १८ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | | |
| १९ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना, विव्यस, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | समूह तथा अन्य क्रियाकलाप सञ्चालनका लागि उपयुक्त कोठाको व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| २१ | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | १० | १० | १० | १५ | १३ | ५८ | |
| २२ | कक्षा १ देखि ३ सम्मको बालबालिकाका लागि बालमैत्री बसाइ व्यवस्थापन | विद्यालय | १० | १० | १० | १५ | १३ | ५८ | |
| २३ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाईको अवसर प्रदान | सबै विद्यालयमा निरन्तर | √ | √ | √ | √ | √ | | |
| २४ | प्रविधि मैत्री सिकाइका लागी टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | १० | १० | १० | १५ | १३ | ५८ | |
| २५ | आधारभूत तह र प्रारम्भिक कक्षामा पढाइ मेला गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २६ | आधारभूत कक्षा ६-८ सम्म एक विद्यालय एक स्वास्थ्यकर्मी | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यावसायिक धारको सुरुवाती गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ बाट प्रारम्भ भएको छ । नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तह देखिने परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

यस शारदा नगरपालिकामाकक्षा ९ देखि १२ को कुल भर्ना दर ७१.९ प्रतिशतरहेको छ। खुद भर्ना दर ४५.८ प्रतिशत छ। कक्षा ९-१२ मा लैंगिक समता सूचक १.१७ रहेको छ। यस पालिकामा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा सरकारी तथा निजी स्रोतबाट जम्मा शिक्षकको संख्या ५६ रहेको छ। कक्षा ११ र १२ मा १८ जना शिक्षकहरू कार्यरत रहेका छन्। माध्यमिक तह ९-१० माकुलविद्यार्थी संख्या १ हजार ६ सय १४ र शिक्षक विद्यार्थी अनुपात १ः२९ रहेको पाइन्छ। माध्यमिक तह ११-१२ मा कुल विद्यार्थी संख्या १ हजार २ सय १८ र शिक्षक विद्यार्थी अनुपात १ः६८ रहेको छ।

यस नगरपालिकामा जम्मा सामुदायिक माध्यमिक विद्यालय संख्या १० वटा रहेका छन्। संस्थागत मा.वि. भने ५ वटा छन्। यस पालिकामा जम्मा प्राविधिक धार तर्फको विद्यालय एक छ। प्राविधिक धारतर्फ सिटिइभिटीबाट शिवजन माविमा कृषि, पशु विज्ञान कार्यक्रम सञ्चालन भएको छ। यस पालिकामा संस्थागत र सामुदायिक माध्यमिक तहमा छात्रा संख्या १ हजार ३ सय ९ र छात्र संख्या १ हजार १ सय ८२ रहेको छ। यस पालिकाको श्री त्रिभुवन जन माध्यमिक विद्यालय लुहापिङ्ग, खलङ्गा नमुना माध्यमिक विद्यालय हो। कर्णाली प्रदेश सरकारको मेघा विद्यालय एक श्री शिव जन मा.वि. शितलपाटी रहेको छ।

### ३.३.३ लक्ष्य

- मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने।

### ३.३.४ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने,
- शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने।

### ३.३.५ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- सक्षम र उत्प्रेरित प्रधानाध्यापक  व्यवस्था गर्ने,
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजाः**

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील हुने,
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने ।

# प्रमुख क्रियाकलाप र लक्ष्यः

## माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | संघ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाई अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकतानुसार विद्यालय बसको व्यवस्था तथा खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | माध्यमिक विद्यालय | १ | २ | ३ | ३ | १ | १० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खाने पानी, खेलमैदान, घेरवार, शौचालय) | माध्यमिक विद्यालय | २ | ३ | २ | २ | १ | १० | संघ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | २० | २० | २० | १०० | संघ, प्रदेश र स्थानीय तह |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | प्रतिशत | २० | २० | २० | २० | २० | १०० | प्रदेश तथा स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | संघ र स्थानीय तह |
| १० | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि पोसाक तथा स्टेशनरी सहयोग | विद्यार्थी संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | बालक्लव गठन तथा परिचालन, विद्यार्थी परामर्श तथा अभिभावक सचेतनाका लागि सहयोग | माध्यमिक विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |

## ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

### ३.४.१ परिचय

उच्चस्तरीय दक्ष र समालोचक, सर्जक, अनुसन्धानमूलक तथा विचारक जनशक्ति उत्पादन गर्ने शिक्षा उच्च शिक्षा हो । आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्यलाई हासिल गर्ने मर्मलाई आत्मसात गर्दै योग्य नागरिक उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने उच्च शिक्षाको मर्म हो । एकातिर उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्न आवश्यक छ । त्यसैगरी आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र विस्तार गर्नुपनि अपरिहार्य छ । देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नुपर्ने आवश्कयता छ । नेपालको संविधानले केन्द्रीय विश्वविद्यालय सम्बन्धी अधिकार संघ र उच्च शिक्षा सम्बन्धी शासकीय अधिकार प्रदेश सरकारले सुनिश्चित गरेता पनि साझा अधिकारको सूचिमा रहेको शिक्षाले स्थानीय तहले समेत माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध राखी आफ्नो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा भूमिका निर्वाह गर्न सक्दछ र गर्नुपर्दछ ।

### ३.४.२ वर्तमान अवस्था

नेपालको शिक्षाको संरचनामा कक्षा १२ उतीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागिचार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ । देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागी आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुख तथा मूल्य उन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपूर्ति,निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालनका लागि सहकार्य गरिनेछ । त्यसैगरी विश्वविद्यालयबाट आयस्रोतको परिचालन जस्तानमुना विकास गर्नका लागितीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारकारूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ ।

नेपालमा ११ वटा विश्वविद्यालय तथा ६ वटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरू स्थापना भई १ हजार ४ सय ७ वटा कलेजहरू जसमध्ये ९८ वटाआङ्गिक, ५३२ वटा

सामुदायिक र ७७७ वटा निजी शैक्षिक संस्थाहरू सञ्चालनमा रहेको छन् । शारदा नगरपालिकामा भने त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मानविकी १ र शिक्षा तथा वाणिज्य १/१ संकाय गरी जम्मा २ वटा संकायमा मानविकी, शिक्षा र वाणिज्य तहका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसका साथै शारदा नगरपालिकामा प्राविधिक तथा व्यवसायिक तालिम परिषद् द्वारा अनुमति प्राप्त सरकारी १ र नीजि १ गरी जम्मा २ शिक्षालयहरूमा प्रविधिक धारतर्फ प्रि-डिप्लोर डिप्लोमा तहका विभिन्न कार्यक्रमहरू सञ्चालित छन् ।

**चुनौतीहरू तथा अवसरहरू**

उच्च शिक्षामा आर्थिक रूपले विपन्न रभौगोलिक रुपमा पिछडिएका र माध्यमिक तह पूरा गरेका नागरिकको समेत सहभागिता गराउनु, माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध कायम राख्नु चुनौतीका रूपमा रहेका छन् । त्यसैगरीभौगोलिक विकटता, भौतिक पूर्वाधार, आर्थिक लगानीको सुनिश्चितता गर्नु, दक्ष र योग्य जनशक्तिको अभाव हुनुपनि चुनौतीक रूपमा रहेका छन् । युग अनुकूलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु पनि चुनौतीका रूपमा देखा परेको छ । उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमानै रोजगार सिर्जना गर्नु जस्ता सवालहरूलाई समेत उच्च शिक्षाका सहायक चुनौतीकारुपमा लिन सकिन्छ ।

नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकार क्षेत्रभित्र रहनु, नगरपालिका क्षेत्रभित्र त्रिभुवन विश्वविद्यालय द्वारा सम्बन्धन प्राप्त २ र प्राविधिक शिक्षा तथा व्यसायिक तालिम परिषद् द्वारा सम्बन्धन प्राप्त २ मात्रै उच्च शिक्षा प्रदायक संस्था सञ्चालन हुनु, क्याम्पसको सेवाक्षेत्र फराकिलो रहनु, पालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा क्याम्पसको थप प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु, नगरपालिको एउटा माध्यमिक विद्यालयहरूमा बाली विज्ञानका डिप्लोमा तहका कक्षाहरू सञ्चालन हुनु र एउटा प्रविधिक शिक्षा तथा व्यासायिक तालिम परिषद् द्वारा सञ्चालित संस्थाबाट प्राविधिक धारका विभिन्न कार्यक्रममा कक्षाहरू सञ्चालन हुनुले पनि यस पालिकाको उच्च शिक्षाको अवसरको रूपमा लिन सकिन्छ ।

### ३.४.३ लक्ष्य

- प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने ।

### ३.४.४ उद्देश्य

- उच्च शिक्षामा पहुँच विस्तार गर्ने,

- सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने,
- उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।

### ३.४.५ रणनीतिहरू

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने,
- खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत समेत उच्च शिक्षामा पहुँचवृद्धिका लागि पहल गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,
- स्थानीय तहको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- उच्च शिक्षामा पहुँच अभिवृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार ।

**प्रमुख नतिजाः**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने,
- स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना हुने,

- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- उच्च शिक्षामा जनशक्ति उत्पादनलाई आर्थिक उपार्जनसँग जोडिने,
- उच्च शिक्षामा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्य:

उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्धका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | बहुप्राविधिक शिक्षालय स्थापना, सहयोग तथा सहजीकरण गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | संघ र प्रदेशको सहयोग |
| २ | अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग गर्ने | वटा | | | | | १ | | संघ र प्रदेशको सहयोग |
| ३ | स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई शिक्षक संख्या कम भएका विद्यालयहरूमा स्वयंसेवक शिक्षकको रुपमा परिचालन गर्ने | पटक | १५ | १५ | १५ | १५ | १५ | | |
| ४ | उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसारको समन्वय र सहजीकरण गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | क्याम्पस, स्थानीय तह |
| ५ | उच्च शिक्षा प्रदायक संस्थामा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) विकास गर्न सहयोग गर्ने | संख्या | | १ | १ | १ | १ | | |
| ६ | उच्च शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | क्याम्पस |
| ७ | उच्च शिक्षामा खुला एवम् दूर शिक्षा प्रणालीको स्थापना गर्न सहजीकरण एवम सहयोग गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | क्याम्पस |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यार्थीहरूको अध्ययन अनुसन्धान कार्यमा सहयाग गर्न इ-पुस्तकालयको स्थापना गर्न सहयोग गर्ने | वटा | ० | १ | १ | १ | १ | | |

## ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम

### ३.५.१ परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलनको आवश्यकता पर्दछ। सुरुवातीका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ। कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिड, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सुधार गर्दै श्रम बजार सँग आबद्ध गर्नुपर्ने देखिन्छ। वि.सं. २०७२ को संविधान सँगसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढंगमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ। यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ।

### ३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रमहरु ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत वार्षिक प्रतिवेदन, २०७६)। कर्णाली प्रदेशमा ४ वटा आङ्गिक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरू, १८ वटा निजी संस्थाहरू रहेका छन् भने यस पालिकामा एक वटा सामुदायिक

विद्यालयमा डिप्लोमा कृषि विज्ञानसञ्चालनमा रहेको छ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित प्रि डिप्लोमा बालि विज्ञान र पशु विज्ञान अन्तर्गत शिवजन मावि शितलपाटीमा ८० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन भने डिप्लोमा तर्फ वन विज्ञान र बालिविज्ञान अन्तर्गत २ सय विद्यार्थी अध्ययनरत छन्। यस्तै आरतिटेक्निकल इन्स्टिच्युटमा प्रि डिप्लोमा तर्फ पशु विज्ञानमा ४० विद्यार्थी अध्ययनरत छन्। यस्तै नेत्रलाल अभागी बहुप्राविधिक शिक्षालयमा डिप्लोमा सिभिल इन्जिनियरिङ र पशु विज्ञान तर्फ २ सय ८८ विद्यार्थी अध्ययनरत छन्। छोटो अवधिका व्यवसायिक र सीपमूलक तालिमहरू जस्तै च्याउ खेती, वेमौसमी तरकारी खेती, वायरिङ, कुक, ड्राइभिङ, कुखुरा पालन, मोवाइल रिपेरिङ, पलम्वर,कुक तालिम पालिकाको समन्वयमा सञ्चालन हुने गरेका छन। कमाउदै पढ्दै अभियानको लागि नगरपालिकाले आ.व २०७८/०७९ मा २० लाख बजेट विनियोजन गरेको छ।

### ३.५.३ लक्ष्य

- उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार ल्याउने।

### ३.५.४ उद्देश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने,
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने,
- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने।

### ३.५.५ रणनीतिहरू

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,

- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**प्रमुख नतिजाः**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने ।
- स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन हुने
- वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने
- खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविको पार्जनका अवसरमा वृद्धि हुने ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम का प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | जम्मा | |
| १ | प्रयोगशाला व्यवस्थापन सहयोग | वटा | २ | २ | २ | १ | १ | ८ | संघ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २ | |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | | |
| ५ | सीप हासिल गरेका युवाहरूको खोजी र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | संख्या | १० | १० | १० | १० | १० | ५० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशिलता विकासको लागि सहयोग | संख्या | १० | १० | १० | १० | १० | ५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.६ पाठ्यक्रम र पाठ्यसामाग्री

### ३.६.१ परिचय

शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभएर विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता

वा संस्कृतिको हस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्य भित्र पर्दछन् ।

मानवीय आवश्यकता, बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभई सकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यक्रमलाई लिन सकिन्छ। जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ। हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

## ३.६.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावजीकरण गरिएको थियो भने पाठ्क्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि सं २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ भने वि सं २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ।

हाम्रो शारदा नगरपालिकामा वि सं २०७७ देखि कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ । यसको साथै आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माणको चरणमै छ। पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म नेपाल सरकारले सबै र कक्षा ११-१२ मा अनिवार्य विषयका पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। विभिन्न भाषिक समुदायका बालबालिकाको लागि हाल सम्म कक्षा १ देखि ५ सम्म विभिन्न २७ मातृभाषाका पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजन कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षरांकन पद्धति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

## चुनौतीहरू तथा अवसरहरू

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु , स्थानीय पाठ्क्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखिकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु, सबै भाषिक समुदायका बालबालिकाको लागि मातृभाषामा पाठ्यसामग्रीको विकास गर्नु, अपांगता भएका बालबालिकाको लागि अनुकूलको पाठ्सामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतीहरू रहेका छन् भने माध्यमिक तहसम्म निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्माण, विभिन्न विषयका पाठ्यसामग्रीहरू मातृभाषामा तयार र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था पाठ्यक्रमतथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् ।

### ३.६.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

### ३.६.४ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ३.६.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,

- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा,  बहुभाषा प्रयोग गरिने,
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

## ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने ।

**प्रमुख नतिजाः**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने,
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | पाठ्यक्रम अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | | |
| २ | शिक्षक तालिम | जना | ५८ | ५८ | ५८ | ५८ | ५८ | २९० | स्थानीय तह,मानव संशाधन विकास केन्द्र |
| ३ | शिक्षक पेशागत सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | विद्यालय |
| ६ | डिजिटल सामाग्रीको प्रयोग सहयोग | वटा | ६ | ५ | ७ | ८ | ८ | ३२ | |
| ७ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह, विद्यालय |
| १० | विद्यालयमा शिक्षण सिकाइ सामग्री, सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको उपलब्धता, अभिमुखीकरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | | |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १२ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | कक्षा १ देखि ३ | ५८ | ५८ | ५८ | ५८ | ५८ | | सबै विद्यालय |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेशाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको प्रयाप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपमा विद्यमान मापदण्ड १:४५ शिक्षक विद्यार्थी अनुपात मापदण्ड कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरबन्दी हुनुपर्ने व्यवस्था गरेको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार  कनफरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ। यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेशागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी

बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ३.७.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय तथा विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मुल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणिकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यस शारदा नगरपालिकामा शिक्षक विद्यार्थी हाल शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ र राष्ट्रिय रूपमा २४.० रहेको छ। शारदा नगरपालिकामा बालविकास केन्द्रमा ६२, प्राथमिक तहमा दरवन्दी तर्फ १३३, राहत तर्फ ३२ र निजिश्रोत तर्फ ४९ जना, निम्न माध्यमिक तहमा साधारण दरवन्दी तर्फ २३ जना, राहत दरबन्दीमा ५ जना र निजीश्रोत तर्फ ३७ जना, माध्यमिक तहमा २७ जना साधारण दरबन्दीमा, ३ जना राहत दरबन्दी र निजी श्रोतमा २६ शिक्षक संख्या रहेको छ। माध्यमिक तह ११-१२ मा १८ जना शिक्षक संख्या रहेको छ। विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिहरूको लागि निरन्तर पेशागत विकास र उन्नयनका लागि क्षमता विकासका कार्यक्रमहरू विभिन्न संघसंस्था, मानव श्रोत तथा संसाधान केन्द्र प्रदेश सरकार लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुदै आएका छन। शिक्षकहरूलाई सूचना प्रविधि, विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा थप क्षमता विकासको आवश्यकता आकलन गरिएको छ र सोहि अनुसार मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर र मानव संसाधन विकास केन्द्र सुर्खेतबाट माध्यमिक तहका विद्यालय कर्मचारीहरूलाई (लेखा) प्रदान गरिदै आएको छ। शिक्षक व्यवस्थापनमा दरबन्दी मिलान कार्यदल २०७७ को रिपोर्ट अनुसार दरबन्दी मिलान सबै विद्यालयमा हुने प्रकृयामा रहेको छ।

## चुनौती तथा अवसरहरू

- पालिकामा अध्यापन गर्ने सबै शिक्षकहरूलाई टिपीडि तालिमको मुलधारमा ल्याउनु,
- शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोग,
- दरबन्दी मिलान कार्यलाई पूर्णता दिनु,
- शिक्षण पेशालाई रोजाइको पेशाको रूपमा विकास गर्नु,
- आधारभूत तहमा नमुना शिक्षक निर्माण गर्नु,
- विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

## ३.७.३ लक्ष्य

- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने ।

## ३.७.४ उद्देश्य

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

## ३.७.५ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,

- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने,
- शारदा नगरपालिकाको शिक्षक दरबन्दी मिलान कार्यदल २०७७ को प्रतिवेदनलाई कार्यान्यवनमा लैजाने ।

## ३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

**प्रमुख नतिजाः**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा प्रयाप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।

# प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | जना | २० | २० | २० | २० | २० | १०० | स्थानीय |
| ३ | सबै शिक्षक कर्मचारीहरूको स्वास्थ्य विमा अनिवार्य गर्ने | जना | ४५५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय |
| ४ | अस्थायी तथा विद्यालयश्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्ने | पटक | १ | | | १ | | | स्थानीय |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने र उपचारात्मक शिक्षण पद्धती लागु गर्ने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह र विद्यालय |
| ६ | प्रत्येक आधारभूत (१-८) विद्यालयमा पुस्तकालय कुनाको प्रबन्ध गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| ७ | सबै सामुदायिक आधारभूत विद्यालयका प्रारम्भिक कक्षामा पुस्तक कुनाको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| ८ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT ल्याव/ विज्ञान प्रयोगशाला बनाउने | पटक | १ | १ | २ | २ | २ | ८ | संघ र स्थानीय |
| ९ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | | स्थानीय र विद्यालय |
| १० | शिक्षक पेशागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ संजाल बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ११ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सङ्घ, स्थानीय तह |
| १२ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालन गरेर शिक्षक पेशागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | सङ्घ, स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेशागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| १४ | आवश्यकताका आधारमा शिक्षक पेशागत सहयोग तालिम सञ्चालन गर्ने | जना | ५८ | ५८ | ५८ | ५८ | ५८ | २९० | संघ, प्रदेश र स्थानीय तह |
| १५ | शिक्षिक दरबन्दी मिलान तथा पुन र्वितरण | पटक | १ | १ | १ | १ | १ | २ | |
| १६ | विद्यालयलाई शिक्षण सिकाइ सहयोग | वटा | २५ | २५ | ८ | निरन्तर | निरन्तर | ५८ | |
| १७ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलब्धीमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| १८ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागि तालिमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २० | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाकोव्यवस्था | वटा | १ | १ | १ | १ | १ | ५ | |
| २१ | एकीकृत पाठ्यक्रममा पठन तत्व तथा एकीकृत ढाँचासम्बन्धी पुनर्ताजगी तालिमको व्यवस्था | पटक | | | | १ | १ | २ | |
| २२ | प्रविधि मैत्री सिकाइका लागी टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २३ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २३ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तै) | सवै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकासगर्ने (जस्तै) प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालनविज्ञ समूह गठन र परिचालनशिक्षक सिकाइ समूह गठन र परिचालन वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २४ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि निम्न काम गर्ने । शिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने । प्राविधिक सहयोगकर्ताका लागि तालिमको व्यवस्था गर्ने । प्राविधिक सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको व्यवस्था गर्ने । पृष्ठपोषण/सुझाव तथा सहयोगका लागि कोचिङको व्यवस्था गर्ने । शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्ने । दिगो र प्रभावकारी रुपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने प्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.८ विद्यालय व्यवस्थापन

### ३.८.१ परिचय

नेपालको संविधान अनुसूचि ९ अनुसार तीन तह संघ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझा सूचिमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन् । नेपालको संविधान अनुसूचि ८ अनुसार स्थानीय सरकारको अधिकार सूचिमा आधारभूत तथा माध्यमिक शिक्षा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू गरिएको छ। विद्यालयको सु-सञ्चालनको लागि शिक्षा ऐन २०२८ अनुसारको शिक्षा नियमावली २०५९ परिच्छेद ६ वमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गरिने प्रावधान रहेको छ । व्यवस्थापनका दृष्टिले विद्यालय प्रमुख निकाय हो, जहाँ सहभागितात्मक दृष्टिकोण, पाठ्यक्रम सुधारका दृष्टिकोण, मागमा

आधारित शैक्षिक कार्यक्रम तथा वित्तीय पद्धति, स्थानीय र सामुदायिक साझा विचार रहेका हुन्छन् । विद्यालय व्यवस्थापन भित्र शैक्षिक योजना निर्माण र कार्यान्वयनको संस्थागत जिम्मेवारी बाँडफाँड गरिएको छ ।

विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन यस्ता समितिहरूको भूमिका र सक्रियतालाई बढाई पारदर्शिता, जवाफदेहिता कायम गर्दै शैक्षिक सुशासन अभिवृद्धि कायम गरिएको देखिन्छ । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी आम अभिभावकहरूको विश्वास बहाली गर्ने र संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउदै सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाई गरेको छ। विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने र प्रधानाध्यापक छनौट वा नियुक्ति सम्बन्धी व्यवस्था मौजुदा शिक्षा ऐन २०२८ अनुसार शिक्षा नियमावली २०५९ को नियम ९३ को आधारमा विद्यालयको प्रधानाध्यापकको व्यवस्था गरिने व्यवस्था छ । विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने प्रअको कर्तव्य देखिन्छ ।

## ३.८.२ वर्तमान अवस्था

शारदा नगरपालिकामा संस्थागत ११ सामुदायिक ५८ गरी आधारभूत तहका गरी ६९ विद्यालयहरू सञ्चालनमा रहेका छन । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्दिष्ट गरे वमोजिम विद्यालय न्यूनतम २४० दिन खुल्नुका साथै कम्तिमा २१० दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ । अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेशागत सहायताका लागि जिम्मेवार बनाइएको छ। वडामा वडा शिक्षा समितिले सक्रिय पूर्वक काम गरिरहेका छन् । समग्र पालिकाको शिक्षासम्बन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि पालिका प्रमुखको संयोजकत्वमा नगर शिक्षा समिति गठन भई क्रियाशिल रहेको अवस्था छ। शिक्षाको व्यवस्थापनको लागि नगर शिक्षा ऐन २०७५ कार्यन्वयनमा रहेका छन् ।

### चुनौती र अवसर

- सबै वडामा वडा शिक्षा समितिहरूको सक्रियता बढाउनु,
- सबै विद्यालयहरूमा प्रचलित ऐन र नियमावली अनुसारको प्रधानाध्यापकको नियुक्ती,
- विद्यालय व्यवस्थापन समितिको समयावधिभित्र गठन गरी विद्यालयको समग्र व्यवस्थापन गर्नु,
- प्रधानाध्यापक, विव्यस, शिक्षक अभिभावक सङ्घहरूलाई श्रृजनशिल, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,
- विभिन्न समिति, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,

### ३.८.३ लक्ष्य

- सबै विद्यालयहरू बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने

### ३.८.४ उद्देश्य

- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु,
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
- गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार गर्नु,
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु,
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रताप्रदान गर्नु,
- योग्यतम् प्रधानाध्यापको छनौट तथा नियुक्ति गर्नु,
- विभिन्न समिति, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु,
- विद्यालय व्यवस्थापनलाई समावेशी, समन्यायिक र जवाफदेही बनाउनु,
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु,
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

### ३.८.५ रणनीतिहरू

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
- विद्यालय नक्शाङ्कन गरी विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गरिने,
- शिक्षक दरबन्दी मिलानतथा प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गरिने,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने ।

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने,

**प्रमुख नतिजाः**

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने,
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने,
- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार हुने,
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने,
- विद्यालयहरूको सक्षमतामा सुधार भई रूपान्तरणको गतिलाई तीव्रताप्रदान गरेको हुने,
- योग्यतम् प्रधानाध्यापकको छनौट तथा नियुक्ति हुने,
- विभिन्न समिति, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने,
- विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुने,
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने,
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | | विद्यालय, स्थानीय तह |
| २ | शैक्षिक कार्य कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना बनाउने | वटा | सबै | | | | | | विद्यालय |
| ४ | विद्यालय नक्साङ्कन गर्ने | पटक | १ | | | | | | |
| ५ | विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना गर्ने | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | शिक्षक दरबन्दी मिलानगर्ने | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | योग्यता, क्षमता र वरिष्ठताको आधार माप्रधानाध्यापक नियुक्ति गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह, विव्यस |
| ८ | विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम निर्माण र परिमार्जन गर्ने | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| ९ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | | विद्यालय |
| १० | अभिभावक भेला गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालयको लेखा तथा सामाजिक परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | | संघ, स्थानीय तह |
| १२ | विपद् व्यवस्थापन योजना निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | | |
| १३ | विद्यालयका गतिविधिहरू सार्वजनिक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १४ | प्रधानाध्यापक, शिक्षक र कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउने | प्र अ , शिक्षक र कर्मचारी /जना | २० | २० | २० | २० | २० | | |
| १५ | नगरपालिकाको शिक्षा योजनाको निर्माण र प्रबोधिकरण | नगर पालिका | १ | १ | १ | १ | १ | | |
| १६ | शिक्षक अभिभावक सङ्घको कार्यकारी समितिले वित्तीय पारदर्शिता र जवाफदेहिता कायम गर्न अभिभावक तथा अन्य संघ संस्थासँग समन्वय र साझेदारी गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| १७ | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १८ | विद्यार्थी तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| १९ | सामाजिक लेखापरीक्षण र प्रतिवेदनलाई सार्वजनिक गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| २० | विद्यालयहरूमा सेवा बडापत्र र सुझाव पेटिकाको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने जीवन पर्यन्त अर्थात आजिवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको ,प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाई अवसर दिगो विकासको मुल मर्म रहेकोले

विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई अवसर उपलव्ध गराउनुपर्दछ। विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो संख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमुलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। औपचारिक र अनौपचारिक शिक्षाका बीचमा Cross ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित बनाउँदै लैजानुपर्ने देखिन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतीको विकास गर्नु सबै प्रकारका अपांगता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारणगरेको छ। स्थानीय सरकार सञ्चालनऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ।

### ३.९.२ वर्तमान अवस्था

यस शारदा नगरपालिकामा ७ हजार ३ सय ९१ घरधुरी र जनसंख्या ३३७३० रहेको छ। यस पालिकामा ४ वटा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालनमा रहेका छन् भने एक वटा खुल्ला विद्यालय कक्षा १० रहेको छ । शारदा नगरपालिकामा सञ्चालनमा रहेको खुला विद्यालय कक्षा १० सञ्चालनमा रहेको र सो विद्यालयको अनुगमन तथा नियमन यस पालिकाबाट भैरहेको छ। यस नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको स्थलगत अनुगमन, निरीक्षण भै परिचालन गरिएको छ। केन्द्रिय तथ्यांक विभागको २०६८ सालको जनगणना अनुसार शारदा नगरपालिकाको साक्षरता दर ७०.८८ रहेको छ। जसमा महिला साक्षरता दर ६१.५३ र पुरूषको साक्षरता दर ८१.९९ रहेको छ।२०७२ साल पुस १४ गते सल्यान जिल्ला नेपालकोबाइसौं साक्षर जिल्ला घोषण भैसकेको छ।

### चुनौती र अवसर

- सामुदायिक सिकाइ केन्द्रहरूलाई क्रियाशिल रूपमा परिचालन गर्ने,
- औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिलाईअनौपचारिक शिक्षामा पहुँच पुर्‍याउने,
- सबैलाई कार्यमूलक साक्षर बनाउने,
- अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग आवद्ध गर्नु,
- पर्याप्त पठन सामग्रीहरूको उपलब्धता गराउनु,
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज,

संचारमाध्यम, अभिभावक परिचालन गरी साक्षरता स्थिति बढाउने,

- सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्ने,
- मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास गर्नु,
- महिलाहरूको साक्षरता प्रतिशत वृद्धि गर्नु,
- शिक्षालाई मौलिक हकको रूपमा राखिनु,
- शिक्षा नियमावलीमा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था हुनु,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था,
- विभिन्न सङ्घसंस्था तथा सरोकारवालाहरूले सबैका लागि शिक्षामा प्रतिवद्दता जनाउनु,
- सल्यान जिल्ला साक्षर जिल्ला घोषणा हुनु ।

### ३.९.३ लक्ष्य

- सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरिकको जीवनस्तरमा सुधार हुने ।

### ३.९.४ उद्देश्य

- सबै नागरिकका लागि समावेशीतथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,
- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षकाबिच अन्तरसम्बन्ध स्थापित गर्ने,
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने,
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने ।

### ३.९.५ रणनीतिहरू

- मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्द्धन, आधुनिकीकरण एवम हस्तान्तर सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरिने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने ।
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने ।
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय,

वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने

- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

## ३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**प्रमुख नतिजाः**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,
- सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने,
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणापत्र तयार गराई अभिमुखिकरण गर्ने | पटक | १ | | | | | | संघ र स्थानीय तह |
| २ | निरक्षरहरूको विवरण संकलन र आजिवनसिकाइका सरोकारवालाहरूको खण्डिकृत तथ्यांकहरूको डाटावेस तयार गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक अध्ययन केन्द्रसँग आबद्ध गर्ने | वटा | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक केन्द्रमा सूचना तथा संचार प्रविधिमैत्री उपकरणको व्यवस्था गर्ने | वटा | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | संयोजक र आवश्यकता अनुसार सहयोगीको व्यवस्था गर्ने | वटा | आवश्यक अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| ६ | संघ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| ७ | सरकारी तथा गैरसरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश, स्थानीय तह र संघ संस्था |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहिणी महिला, कैदीहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्द्धन गर्ने | स्थानीय तह | १ | १ | १ | १ | १ | | |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

शैक्षिक गुणस्तर भन्ने कुरा नाप्न कठिन छ । सामान्यतया विद्यार्थीले विभिन्न परीक्षामा प्राप्त गर्ने सफलता तथा अंकलाई गुणस्तरको रुपमा बुझ्ने गरिएको पाइन्छ। शिक्षाको गुणस्तरलाई अंकमा सीमित गर्न सकिंदैन। परीक्षामा कम अंक ल्याएपनि शिक्षण संस्थामा सिकेका सीपलाई व्यवहारमा प्रयोग गर्न सक्छ, व्यावहारिक जीवन सिर्जनशील बन्छ, जागिरका लागि दिने परीक्षा तथा माथिल्लो शिक्षाका लागिहुने प्रवेश परीक्षाहरूमा सफलता प्राप्त गर्न सक्छ, माथिल्लो तहको शिक्षा आर्जन गर्ने क्रममा तल्लो तहको शिक्षाले सहयोग गरेको महशुस गर्छ भने त्यस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्न सकिन्छ।

नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले समेत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । समग्रमा विद्यालय पद्धतिलाई विद्यार्थीमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधार सहितको सिकाइ वातावरण निर्माणशिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास, विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुका साथै उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आबद्ध गरी

व्यवस्थित गर्नु आवश्यक छ। २१ औँ शताब्दीका बालबालिकालाई सूचना प्रविधिको पहुँच पुऱ्याउन, शिक्षकलाई स्वाध्ययन गर्ने मौका सिर्जना गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी पार्न विद्यालयमा इन्टरनेटको व्यवस्था गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग बढाइनु पनि अपरिहार्य छ। विद्यालयसुशासनलाईप्रभावकारीपार्नेरसार्वजनिकशिक्षाका लागि छुट्याएको बजेट सदुपयोग भएको सुनिश्चित गर्ने पनि त्यत्तिकै आवश्यक छ। यस्तै साना तिना कुरामा ध्यान दिन सकेमा सार्वजनिक शिक्षाको गुणास्तर सुधार हुन सक्छ।

### ३.१०.२ वर्तमान अवस्था

सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन तथा सबलीकरण गर्न समस्याका जराहरू पत्ता लगाइ सुधारको थालनी गर्नुपर्ने आवश्यकता छ। विद्यालयमा बालबालिकाले प्राप्त गर्ने उपलब्धि विद्यालयको पठनपाठनमा मात्र भरपर्दैन। बालबालिका विद्यालयमा आउनु भन्दा पहिला सिकाइका लागि कति तयार भएका छन् त्यसले समेत प्रभाव पार्दछ। बालबालिकाको शिक्षाको तयारी सुनौलो हजार दिनदेखि सुरुवात हुन्छ। विद्यालय पूर्वको तयारीका लागि गर्भवती अवस्थामा आमालाई प्राप्त पोषणयुक्त खाना, स्वास्थ्य उपचार, सुत्केरी गराउन उपयुक्त तरिका, सुत्केरी आमाको स्याहारसुसार, शिशु जन्मेपछिको रेखदेख समेतले विद्यालयको शिक्षामा प्रभाव पार्ने कुरा अध्ययनले देखाएका छन्। पूर्वबाल शिक्षा तथा बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पऱ्याप्त खेल्ने सामाग्रीको व्यवस्था, तालिम प्राप्त शिक्षक, पोषण तत्वयुक्त खाजाको व्यवस्था हुनसकेमा गुणस्तरीय सिकाइका लागि जग तयार हुन्छ।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षानपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले देखाएका छन्। अभिभावकले बालबालिकालाई उपयुक्त पोषणको व्यवस्था गर्न र घरमा सिक्नका लागि उपयुक्त वातावरण मिलाउन नसकेमा विद्यालयमा बालबालिकाले राम्रो गर्ने सम्भावना हुँदैन। बालबालिकालाई शिक्षा प्रति सचेत पार्न अभिभावक शिक्षा सञ्चालन गर्नसकेमा त्यस्ता अभिभावकले समेत घरमा सहयोग गर्न सक्छन्। विगतमा अभिभावक शिक्षा भनेर केही प्रयास गरिएको पनि हो तर नाम मात्रका अभिभावक शिक्षा प्रभावकारी हुन सकेका छैनन्। घरको वातावरण सिकाइलाई सहयोगी बनाउन अभिभावक शिक्षा बाहेक अन्य कुनै उपयुक्त तरिका हुन सक्दैन। अभिभावक शिक्षा व्यापक र प्रभावकारी पार्न सकेमा पनि सार्वजनिक शिक्षाको गुणस्तर सुधारको थालनी हुनसक्छ।

विद्यालयमा सूचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियाको कार्यान्वयन गर्न नसक्नु, बालबालिकाहरूको सिकाइ सक्षमता पुरा भए नभएको एकीनको लागिनिरन्तर मूल्यांकन तथा सोही अनुरुप कमजोर सिकाइ भएकालाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था नहुनु,

विद्यालयमा हुने हरेक प्रकारका बैठकहरूमा बालबालिकाहरूको सिकाइको सट्टा विद्यालयको प्रशासनिक एजेण्डाहरूमा मात्र छलफल गर्ने प्रवृत्ति हावी हुनु जस्ता कुराले पनिसार्वजानिक शिक्षाको गुणस्तर सुधार आउन सकेको छैन ।

सोचे अनुरुप समुदाय तथा अभिभावकले उनीहरूका छोराछारीप्रति वा पढाइप्रति सहभागिता नहुनुले पनि सार्वजनिक शिक्षा धरासायी अवस्थामा पुगेको छ । समुदाय तथा अभिभावकको चेतनास्तरको कारण सार्वजनिक शिक्षामा उनीहरूको सहभागितामा वृद्धि बाधक देखिन्छ । अभिभावकको सोचाइ अंग्रेजीमा पढाइ होस् भन्ने छ तर अंग्रेजी भनेको त भाषाको माध्यम मात्र हो ज्ञान, सीप, अभिवृद्धि तथा व्यवहार परिवर्तन होइन र शिक्षा भनेको अंग्रेजी जान्नु होइन भन्ने बुझाइ उनीहरूमा ल्याउन नसक्नु पनि सुधारको बाधक रहेको विश्लेषण छ। आज मैले मेरा छोराछोरीहरूलाई पढाइमा सहयोग गर्ने त्यसले भविष्यमा सकारात्मक प्रतिफल दिन्छ भन्ने कुराको सचेतना आम अभिभावकहरूसंग पुर्‍याउनु आजको आवश्यकता रहेको छ। शिक्षा क्षेत्रमा नतिजामुखी अनुगमन सहजिकरण तथा सुपरिवेक्षण नहुनु तथा ऐननियम, कानुन वमोजिम विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा राजनीतिक नेता, कार्यकर्ताहरूले गर्ने अवरोधले पनि सार्वजनिक शिक्षाको गुणस्तरमा समस्याहरू परेको देखिन्छ।

शारदा नगरपालिकाले पालिकाको शिक्षालाई गुणस्तरीय बनाउनका लागि शिक्षा ऐन, नियमावली र कार्यविधि निर्माण गरी कार्यान्वयन, नगर शिक्षा योजना निर्माण र कार्यान्वयन, विद्यालयहरूलाई शैक्षिक सामग्रीहरू प्रदान, सिकाइमा नवीनता ल्याउनका लागि Talking Teacher कार्यक्रम सञ्चालन, शिक्षण सिकाइ सहयोग अनुदान, बालविकास कक्षा सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयलाई अनुदान, इ-कक्षा सञ्चालन, स्थानीय पाठ्यक्रम निर्माण र सञ्चालन, मूल्याङ्कन प्रणाली सुदृढीकरण, शैक्षिक मेला प्रदर्शनी, अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा इन्टरनेट जडान र प्रविधि हस्तान्तरण, छात्रवृत्ती, उपचारात्मक कक्षा सञ्चालन लगायतका काम गरेको छ।

### ३.१०.३ लक्ष्य

- सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने

### ३.१०.४ उद्देश्य

- सबै बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा सुनिश्चित हुने,
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पहुँच पुग्ने,
- क्षमता तथा योग्यताका आधारमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध हुने,
- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक

संस्थाहरूमा कार्यरत जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने

- शिक्षाका सबै निकाय, विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास तथा कार्यान्वयन हुने,
- दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने,

### ३.१०.५ रणनीतिहरू

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने छ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने छ।
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने।
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने।
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने।
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने।
- प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने।
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने।
- कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने।
- सार्वजनिक शिक्षामा सुशासन प्रवर्द्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने।

## ३.१०.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित हुने

**प्रमुख नतिजाः**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने,
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश हुने,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा आएको हुने,
- आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि भएको हुने,
- बालबालिकाहरूले आवश्यकताअनुसार मातृभाषामा शिक्षा प्राप्त गर्ने अवस्था सृजना हुने,
- शिक्षण संस्थाहरूको भौतिक तथा शैक्षिक पूर्वाधार सुदृढ भएको हुने,
- सार्वजनिक शिक्षामा सुशासन प्रबर्द्धन भएको हुने ।

### प्रमुख क्रियाकलाप र लक्ष्यः

गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | प्रारम्भिक बालविकासमा खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहितको आकर्षक तथा मनोरञ्जनात्मक कक्षाकोठा व्यवस्थापन | वटा | १० | १० | १० | १५ | ८ | ५८ | |
| २ | शैक्षिक गुणस्तरको सुधारको थालनी कक्षा १ बाट गरौं अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | बालबालिकालाई सिक्नेगरी पढ्ने बनाउने उद्देश्यले कक्षा १ देखि ३ सम्म पढ्न सिकाउनका लागि पठन सिप विकास सम्बन्धी क्रियाकलापलाई सहयोग गर्न कक्षा १-३ मा छापामय वातावरण बनाउने | वटा | ५ | १० | १५ | १३ | १५ | ५८ | स्थानीय तह तथा विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यार्थीको प्रतिभा पहिचान, परिचालन र प्रवर्द्धनका लागि सिर्जनात्मक गतिविधि सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विज्ञान तथा प्रविधि एक्स्पो, शैक्षिक मेला तथा प्रदर्शनी, महोत्सव आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास | पटक | | १ | | १ | | २ | |
| ७ | शिक्षक दरबन्दी पुनर्वितरण तथा न्यूनतम शिक्षक सुनिश्चितता | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | शिक्षक तालिम तथा पेशागत विकासलाई सुदृढिकरण गर्ने | जना | ५८ | ५८ | ५८ | ५८ | ५८ | २९० | |
| ९ | प्रअ, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि गर्ने | जना | १० | १० | १० | १० | १० | ५० | |
| १० | विद्यालयहरूले गुणस्तर केन्द्रित विद्यालय सुधार योजना बनाउने वा अध्यावधिक गरी कार्यान्वयनमा लैजाने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | पोषणयुक्त खाजा कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १२ | नियमित नतिजामुखी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३ | सरोकारवालाहरूबीच अन्तक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.११ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा

### ३.११.१ परिचय

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने अत्यावश्यक तत्व हो। प्राचिन युगमा मानिसहरूले अन्य प्राचिन देखासिकी र प्रत्यक्ष भोगेका व्यवहारबाट शिक्षा प्राप्त गर्ने गर्दथे। बिस्तारै समयको बदलिदो क्रमसँगै आफ्ना अग्रज, आश्रम, गुरू सन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवणबाट प्राप्त गर्दै विभिन्न विद्यालय, विश्व विद्यालय ,पुस्तकालय संग्रहालय, रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर , मोबाइल लगायत विभिन्न आधुनिक विधुतीय उपकरणबाट प्राप्त गरिएको अवस्था छ। शिक्षा लाई समय सुहाउँदो ढंगबाट प्रदान र ग्रहण गर्दै लैजानु पर्ने आजको टड्कारो आवश्यकता मानव समुदायले गर्दै आइरहेको छ ।

समावेशी शिक्षा भन्नाले शिक्षाको मूलधारबाट वञ्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसकेको अवस्थामा शिक्षा प्रदान गर्नु भन्ने बुझिन्छ। संकुचित अर्थमा अपांगता भएका बालबालिकालाई शिक्षामा सहभिगिता भन्ने बुझीयता पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक,

सामाजिक, साँस्कृतिक, धार्मिक, शारीरिक, मानसिक तथा जातीय ढंगबाट उपेक्षित भन्ने बुझिन्छ। हाल विकसित परिवेशसँगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, वेपत्ता घाइते, अपांग सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ।

### ३.११.२ वर्तमान अवस्था

शारदा नगरपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते, अपांग सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि पालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ती, अपांगमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजा लगायतका कामहरू नगरपालिकाले गरिरहेको छ। तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपांग भएका बालबालिकाहरू श्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन। पूर्ण दृष्टिविहिन र न्यूनदृष्टि भएका बालबालिकाहरूलाई ध्यानमा राखी शिवजन मावि शितलपाटी सल्यानमा सञ्चालन गरिएको दृष्टिविहिन श्रोत कक्षामा २२ जना बालबालिका अध्ययनरत छन्। २२ विद्यार्थी मध्ये पूर्ण दृष्टिविहिन ४ जनाले ब्रेललिपिबाट अध्ययन गरिरहका छन्।

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपांगता भएका बालबालिकाहरूका लागिविशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपांगमैत्री बनाउनु र श्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन्। नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपांग बालबालिकाहरूलाई उच्च शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, पालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुऱ्याउनका लागि खेल्दैगरेको भूमिका, शिक्षक लगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागु गरिनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरू रहेका छन्।

### ३.११.३ लक्ष्य

- शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने।

### ३.११.४ उद्देश्य

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक

अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने ।

- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने । जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने ।

### ३.११.५ रणनीतिहरू

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाईने ।
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने ।
- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने ।
- आधारभूत तहमा बहुभाषा तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिने ।
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने ।
- आवश्यकता अनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने ।
- विद्यालयमा अभिभावको सहभागिता बढाइने ।
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने ।
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

### ३.११.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**प्रमुख नतिजाः**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले वञ्चितीमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने । जनशक्तिको दक्षता र सक्षमता सुधार हने ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने ।
- सबै विद्यालयहरू बालमैत्री हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | १ | | | | | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धती तर्जुमा गरी कार्यान्वयन गराउने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र स्थानीय तह |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | वटा | ४ | ५ | ५ | ५ | ५ | २४ | संघ, प्रदेश र स्थानीय तह |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्वन गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीयआवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | १ | | | | १ | २ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउँदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश र स्थानीय |
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाईस्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने । | पटक | | | | | १ | | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्वन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने । | पटक | १ | | | १ | | २ | स्थानीय |
| १३ | पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरण तथा सिकाइ प्रकृयालाई समता र समावेशिताका दृष्टिले परीक्षण तथा सुधार गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |

## ३.१२ शिक्षामा सूचना प्रविधि

### ३.१२.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्देश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र नीजि तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाई सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्‍याउनु पर्दछ । तयसैगरी नेपालकोसूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चार का संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार

प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्य ढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सकाइका लागि इन्टरनेट कनेक्टिभिटीसहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागिसूचना तथा सञ्चार प्रविधिको प्रयोगगर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तर क्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाईज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

### ३.१२.२ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०७७ मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निर्धारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ।

शारदा नगरपालिकामा ५ वटा संस्थागत र ४ वटा सामुदायिक विद्यालयहरूमा प्रोजेक्टर र १ विद्यालयमा स्मार्ट वोर्डको माध्यमबाट शिक्षण सिकाईमा प्रविधिको प्रयोग गरिएको छ। सबै विद्यालयहरूमा इन्टरनेट जडानको प्रकृया अगाडि बढिरहेको छ। सबै माविहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ। २ वटा माध्यमिक तहमा इ हाजिरीको व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा २० वटा आधारभूत विद्यालयमा ल्याप्टप प्रदान गरिएको छ।

सबै माविहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ। कक्षा ४ देखि कक्षा १२ सम्मका सबै विद्यार्थीहरूको सि यु जी मार्फत सहजीकरण गरिएको छ। कोभिडको समयमा रेडियो कार्यक्रम, अनलाईन कक्षा (Zoom, Google meet, Microsoft team) तथा सामाजिक संजालमार्फत प्रविधिको प्रयोग गरी सिकाइलाई निरन्तरता दिइएको अवस्था छ।

### ३.१२.३ लक्ष्य

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुने।

### ३.१२.४ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने।
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पार दर्शी र समतामूलक बनाउने।

### ३.१२.५ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने।
- सबै शिक्षकहरूको क्षमता विकास गरिने।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने।
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने।
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

### ३.१२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने।

**प्रमुख नतिजाः**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

## शिक्षामा सूचना प्रविधिका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | वटा | १० | १० | १० | १० | ५ | ४५ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | १० | १० | १० | १० | ३ | ४३ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | २० | २० | २० | १०० | संघ, प्रदेश र, स्थानीय तह |
| ४ | विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ५ | १० | १० | ५ | १५ | ४५ | |
| ५ | IEMIS व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूका परिचालहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | विद्यालमा इ-हाजिरी व्यवस्थापन | वटा | १५ | १० | १० | १० | १३ | ५८ | |
| ८ | माध्यमिकविद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | मावि | सबै | सबै | सबै | सबै | सबै | | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागी तालिमको व्यवस्था | जना | ५८ | ५८ | ५८ | ५८ | ५८ | २९० | |
| ११ | सबै विद्यालयलाई IEMIS व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १२ | प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि रेडियो शिक्षा कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.१३ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

### ३.१३.१ परिचय

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकाालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ। यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत हिंसा सग सम्बन्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारण बाल अधिकारको रुपमा स्वीकार गरिएको छ। यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ।

### ३.१३.२ वर्तमान अवस्था

**नीतिगत व्यवस्था**

नेपालको वर्तमान संविधानले बालबालिका माथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र, राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत साजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने,भेदभाव दुर्व्यवहार र शोसनबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ। हाल कोभिड-१९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुँदै आएका छन्। जसमध्ये सिकाइ सहजीकरण निर्देशिका २०७७ , विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजन २०७७ , विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्वस्तु समायोजन ढाँचा २०७७, एसइइ नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि २०७७ जारी भएको छ। शारदा नगरपालिका सल्यानले कोभिड-१९ तथा अन्य महामारीको अवस्थामा

शिक्षण सिकाईलाई निरन्तरता दिन प्रतिकार्य योजना बनाई लागु गरेको छ।

**चुनौतीहरू तथा अवसर**

आपतकालिन अवस्थामा लागु गरीने पाठ्यवस्तु, छुट्टै योजना बनाउने की योजनाको हरेक अंगमा यसलाई समावेश गर्ने, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा संकटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतीहरू रहेका छन् ।

नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निशुल्क आधारभूत शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद् सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छत्रवृत्ति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ। विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत साजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोसनबाट मुक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरू  रहेका छन ।

### ३.१३.३ लक्ष्य

- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउने ।

### ३.१३.४ उद्देश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने ।
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने ।
- अल्पकालीन र दीर्घकालीन पुर्नस्थापना गर्ने ।

### ३.१३.५ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य पुर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास ।
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोडगर्न आवश्यक तयारी

- कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण,
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने,

### ३.१३.६ मुख्य उपलब्धि, क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

**नतिजा**

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने ।
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने,
- विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररुपमा सञ्चालन हुने ।

**प्रमुख क्रियकलाप र लक्ष्य**

- विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण,
- स्थानीय तह र विद्यालयको क्षमता विकास,
- विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम,

- शिक्षक तथा विव्यस तालिम,
- संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण,
- विपद् प्रतिरोधी विद्यालय भवन निर्माण,

**आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य**

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | उत्थानशिलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | पटक | ५८ | ५८ | ५८ | ५८ | ५८ | २९० | |
| २ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालय समावेश हुने |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | १ | | | | | | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | वटा | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | विद्यालयले गर्ने |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | जना | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | विद्यालयको आवश्यकताको आधारमा |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | वटा | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५८ | |
| ७ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकिकृत गर्ने | पटक | १ | | | | | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | | | | | १ | |

# संस्थागत संरचना र क्षमता विकास

## ४.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको संख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ । योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज)मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन वमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाको व्यवस्था गरिएको छ ।

## ४.२ वर्तमान अवस्था

शारदा नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । यस नगरपालिकामा दुई जना अधिकृत स्तर दशौं /एघारौं र सातौं र आठौं तहको दरबन्दी रहेकोमा हाल यस शाखामा अधिकृतस्तर आठौं र छैठौं र सहायक स्तरमा पाँचौं तहका कर्मचारी कार्यरत रहेका छन् तोकिएको दरबन्दीमा कर्मचारी पुरा भएता पनि नगरपालिकाभरी ५८ वटा सामुदायिक र ११ वटा संस्थागत विद्यालयहरूको सुपरिवेक्षण तथा निरीक्षण लगाएत अन्य विभिन्न कार्यहरू गर्न पर्याप्तता नभएको देखिन्छ ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागिविद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । कुनै कुनै विद्यालयहरूमा विविध कारणवश विद्यालय व्यवस्थापन समितिको गठन समयमा नहुन सक्नु चुनौतीको रूपमा रहेको छ । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तहसञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायक (लेखा हेर्ने) को व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइँदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थामगत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस ख डमा सुशासन प्रवर्द्धन सामग्री शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले

यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकारवालाहरूबाट आइरहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन वमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागिजिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

## ४.३ लक्ष्य

- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्द्धन गर्ने।

## ४.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने।
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने।
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने।
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने।
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने।

## ४.५ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ।
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ।
- कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ।
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने छ।

## ४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने।

**प्रमुख नतिजाः**

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने।
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने।

- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने ।
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

### संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | संख्या | १ | | | | | १ | |
| २ | विद्यालयको कार्यसम्पादन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | शिक्षकसँग विद्यालय र प्रअसँग शाखाले |
| ३ | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | |
| ४ | पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | विद्यालय र शिक्षा शाखा |
| ५ | प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास | संख्या | ५८ | ५८ | ५८ | ५८ | ५८ | | |
| ६ | नगरपालिकाको शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |

# लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाई केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकार हरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढँगले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा संघीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याइ तोकिए वमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ। आर्थिक तथा सामाजिक विकासका लागि नगरपालिकाले आन्तरिक तथा वित्तीय हस्तारण भई आएका विभिन्न स्रोतबाट बजेटको सुनिश्चितता गरिएको छ। शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने मान्यतालाई नगरपालिकाले आत्मसात गरी बजेटमा प्राथमिता प्रदान गर्दै आएको छ। सशर्त र निशर्त अनुदानबाट बजेट तथा कार्यक्रम सञ्चालन गर्न सकिने संवैधानिक तथा नीतिगत व्यवस्था रहेको छ।

शिक्षा क्षेत्रको विकास र उन्नयनका लागि थुप्रै चुनौती पनि रहेका छन्। सीमित स्रोतसाधन र असिमित आवश्यकताको सम्बोधन गर्नु प्रमुख चुनौती रहेको छ। कम्जोर पूर्वाधारको विस्थापन गरी सुविधासम्पन्न पूर्वाधारको निर्माण गर्नु पनि चुनौती रहेको छ। कार्यान्वयन संयन्त्रको क्षमता विकास र सबलीकरण गर्नु पनि अर्को चुनौतीका रूपमा देखापरेको छ । थुप्रै चुनौतीका साथ अवसरहरु पनि छन् । नेपालको संविधान र सोको कार्यान्वनयका लागि बनेका ऐन, नियमावली, नीति तथा कार्यक्रममार्फत प्राप्त अधिकार र संरचनाहरूको विकास हुनु अवसर रहेको छ। शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहनु पनि शिक्षा क्षेत्रको विकास गर्ने अवसर हो ।

## ५.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम

शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सशर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । विद्यार्थी संख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २३ हजार रहेको छ । तिहारको भैलोदेखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत संघीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तिय स्रोत जुटाउनु,शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाईनियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्य सम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपशिल वमोजिम गरिएको छ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कुल बजेट रु. हजारमा | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय सरकार | ९५०००० | ७०.५ | |
| २ | प्रदेश सरकार | १०००० | ०.८ | |
| ३ | स्थानीय सरकार | १००००० | ७.५ | |
| ४ | अभिभावक तथा समुदाय | १०००० | ०.८ | |
| ५ | सङ्घ संस्था तथा दातृ निकाय | १००००० | ७.५ | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | ५००० | ०.४ | |
| ७ | अपुग रकम | १६६८८६ | १२.५ | |
| | जम्मा | १३४१८८६ | १०० | |

## ५.३ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने ।

## ५.४ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने ।
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने ।
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

## ५.५ रणनीतिहरू

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने ।
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने ।
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने ।
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने ।
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तर दायित्व सुदृढ हुने ।

**प्रमुख नतिजाः**

- उपलब्ध स्रोतको अनुमान र विश्लेषण,
- अपेक्षा र नीतिका आधारमा अनुमान,
- स्रोतको उपलब्धताको अनुमान,
- प्रस्तावित कार्यक्रम र बजेट अनुमान,
- प्रस्तावित बजेटमा नपुग स्रोत पुरागर्ने उपाय,

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

- संघीय सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- प्रदेश सरकारबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका
- स्थानीय तहबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेटको खाका

| प्रमुख क्रियाकलाप | योजना अवधिको कुल लागत | योजनाको लागत (५ वर्ष) | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | संघ | प्रदेश | स्थानीय तह | अन्य |
| प्रारम्भिक बालविकास र शिक्षा | १६१६७० | २९७४९ | ३२४४९ | ३२०४९ | ३३०४९ | ३४३७४ | ११२०६० | १३५० | ४१७१० | ६५५० |
| आधारभूत शिक्षा (कक्षा १ - ८) | ३३८३२५ | ६९३८५ | ७०२८५ | ७०२८५ | ६५२८५ | ६३०८५ | २२४१९५ | २९३६० | ७२९०० | ११८७० |
| माध्यमिक शिक्षा (कक्षा ९-१२) | ४६५०० | ५४९० | ९२४० | ११२४० | ११२४० | ९२९० | १९१७५ | ६०७५ | ९८२५ | ११४२५ |
| उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध | ८७०० | १२२० | १२४५ | १९४५ | १२४५ | ३०४५ | ३८७५ | १६०० | २७२५ | ५०० |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | १४४०० | ३०६० | ३२६० | ३१६० | २४६० | २४६० | १०१०० | ५०० | ३३०० | ५०० |
| पाठ्यक्रम र पाठ्य सामाग्री | १२८५० | २९२० | २३७० | २४९० | २५३५ | २५३५ | ६००० | ४०० | ५७५० | ७०० |
| शिक्षक व्यवस्थापन र विकास | ७१९८५० | १२३६६० | १३३५६० | १४४३१० | १५४३६० | १६३९६० | ७१०६०० | ० | ८५५० | ७०० |
| विद्यालय व्यवस्थापन | ९४०० | १९४० | १८४० | १८४० | १८४० | १९४० | ६५०० | ० | २९०० | ० |
| निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षा | ३००० | ६२० | ६२० | ५२० | ७२० | ५२० | ५०० | ० | २४५० | ५० |
| गुणस्तरीय सार्वजनिक शिक्षा | ९०२५ | १५१५ | १८१५ | १८१५ | १८६५ | २०१५ | ८०० | ० | ६५०० | १७२५ |
| आर्थिकतथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच/समावेशी शिक्षा | १२०० | १४० | २९० | ३४० | २९० | १४० | ३०० | ० | ९०० | ० |
| शिक्षामा सूचना प्रविधि | १११४१ | १५३५ | ३१५० | २८३० | १८८५ | १७४१ | १५०० | ० | ६५४१ | ३१०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | १४२५ | ३६५ | २६५ | २६५ | २६५ | २६५ | १२०० | ० | २०० | २५ |
| संस्थागत संरचना र क्षमता विकास | १४०० | ३६० | २६० | २६० | २६० | २६० | ० | ० | १४०० | ० |
| कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय रसहजीकरण | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | १३०० | ० | १७०० | ० |
| कुलजम्मा | १३४१८८६ | २४२५५९ | २६१२४९ | २७३९४९ | २७७८९९ | २८६२३० | १०९८१०५ | ३९२८५ | १६७३५१ | ३७१४५ |

परिच्छेद : ६

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्‌कन, समन्वय र सहजीकरण

## ६.१ परिचय

